जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक २६, २०७७ साल फागुन २८ गते शुक्रबार, नेपाल संवत् ११४१ (March. 12, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## नयाँ बजेट चाँडै

काठमाडौं । अर्थमन्त्रालय तथा मातहतका निकाय आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेटको निर्माणको तयारीमा लागेका छन । राष्ट्रिय योजना आयोगले आगामी आवको बजेट निर्माणको लागि भन्दै बजेट तर्जुमा दिग्दर्शनमा भएको ढाँचा अनुसार मन्त्रालय एवं निकायलाई आवश्यक सुझाव र सिलिङ पठाउन पत्राचार गरेको छ । आयोगले अर्थलाई आगामी आवको बजेटको सिलिङ समेत पठाइसकेको छ ।

अर्थ मन्त्रालयले राजस्व परामर्श समितिको गैर कर राजस्व उपसमितिले सूचना **बाँकी ८ पेजमा**

## कोरोना खोप कति सुरक्षित ?

काठमाडौं । रगत जम्ने खतरा देखिएको भन्दै केही युरोपेली मुलुकले अस्ट्राजेनिकाका खोप लगाउन स्थगित गरेको भन्दै थाईल्यान्डले शुक्रबार खोप अभियान स्थगित गरेको छ । तर विश्वका धेरै स्वास्थ्य निकायहरूले अस्ट्राजेनिकाको कोभिड खोपमा कुनै समस्या नरहेको दाबी गरेपनि खोप अभियान स्थगित गर्न थालिएका छन् ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले खोप र अन्य सचेतना बढाइएको भन्दै कोभिडको त्रासबाट अमेरिकीलाई निराश नहुन आह्वान गरेकै दिन थाईल्यान्डले खोप अभियान स्थगन गरेको छ । अमेरिकामा अहिले खोप अभियान तिब्र **बाँकी ८ पेजमा**

# राजनीतिक दलहरु सत्ता समीकरणको कसरतमा



काठमाडौं । सर्वोच्च अदालतले सत्तारुढ दल नेकपाको एकीकरण बदर गरिदिएपछि संसदको अंकगणितमा पनि यसको असर देखिएको छ । नेकपा एमाले र नेकपा माओवादी केन्द्र २०७५ जेठ ३ गते अगाडिकै अवस्थामा फर्किएपछि सरकार फेरबदलको खेल सुरु भएको हो । झन्डै दुईतिहाई बहुमतको बलशाली कम्युनिस्ट सरकार छिन्नभिन्न भएसँगै संसदको स्वरुप बदलिए । विगतमाझैं त्रिशंकु संसद बन्न पुगेको छ । प्रधानमन्त्री ओली कुनै पनि अवस्थामा सत्तामा टिकिरहने तानाबाना कसिरहेका छन् र सत्ता समीकरणको नयाँ खेल सुरु भएको छ ।

गत पुस ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले विघटन गरेको संसद सर्वोच्चले फागुन ११ गते पुन:स्थापना गरेको थियो । प्रधानमन्त्री ओलीले असंवैधानिक बाटोबाट संसद विघटन गरेको भन्दै विरोध मात्रै भएन, सर्वोच्चले नै प्रधानमन्त्री ओलीको कदम असंवैधानिक ठहर गरेको अवस्थामा नैतिकताका आधारमा ओलीले पदबाट राजीनामा दिनुपर्ने माग पनि उठेको थियो । ओलीले प्रधानमन्त्रीबाट राजीनामा दिनुपर्ने आवाज सत्तारुढ दलभित्रैबाट उठिरहेकै बेला फागुन २१ गते सर्वोच्चको अर्को फैसलाले राजनीतिक समीकरण र संसदको गणितीय हिसाब नै उल्टाइदिएको छ ।

नेकपा विवादको विषयमा परेको निवेदकको मागभन्दा एककदम अगाडि बढेर सर्वोच्चले राजनीतिक विषयमा प्रवेश गरी राजनीतिक आदेश दिएपछि मुलुकको राजनीतिमा नै जटिल र पेचिलो बन्न पुगेको छ । आफ्नो पार्टीको नामसँग मेल खाने गरी ओली र दाहालले निर्वाचन आयोगमा अर्को दल दर्ता गरेको तर त्यसअघि नै आफूले नेपाल कम्युनिस्ट पार्टी दर्ता गरिसकेकाले हकदावी आफ्नो रहने जिकिर मात्रै निवेदक ऋषि कट्टेलको थियो । उनको माग एमाले र माओवादी केन्द्र ब्युँताइदिने थिएन । उनले एमाले, माओवादी केन्द्री बीचको एकीकरणलाई चुनौती दिएका थिएनन् । सर्वोच्चले नाम मात्र फेर्ने आदेश दिन सक्थ्यो वा नेकपा कायम रहने गरी अर्को फैसला दिन पनि सक्थ्यो । निर्वाचन आयोगलाई तोकिएको दिनभित्र नेकपा नाम फेर्न लगाउनु भन्ने निर्देशन दिन सक्ने ठाउँ रहेकोमा निवेदकको मागभन्दा बढी आदेश गरेपछि नयाँ राजनीतिक संकट उत्पन्न भएको हो ।

सर्वोच्चले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) खारेज गर्दै एमाले र माओवादी केन्द्र ब्युँताएपछि त्यही दलबाट निर्वाचित प्रतिनिधिहरूको हैसियत के हुन्छ भन्ने प्रश्न उठेको छ । दल नै खारेज भएपछि त्यो दलबाट निर्वाचित प्रतिनिधिहरू कायम रहने वा नरहने अर्को कानुनी प्रश्न सर्वोच्चको आदेशले खडा गरेको छ । एमाले र माओवादी केन्द्रबीच एकीकरण भएर नेकपा बनेपछि २०७६ मंसिर १४ मा संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरूको रिक्त पदमा उपनिर्वाचन भएको थियो । त्यसैगरी २०७६ माघ ९ गते राष्ट्रिय सभा सदस्यहरूको निर्वाचन पनि भएको थियो । त्यस चुनावमा १६ जना नेकपाका तर्फबाट निर्वाचित भएका थिए । प्रधानमन्त्री र राष्ट्रपति पनि यी दुई पार्टीको बलमा बनेकाले यी सबै विषय फिर्ता हुन सक्ने अवस्था व्यवहारत: असम्भव छ । एमाले र माओवादी केन्द्र पूर्ववत् अवस्थामा जाँदा धेरै कुरा पूर्ववत् अवस्थामै जाने भएकाले सर्वोच्चको यो आदेशको संवैधानिक र राजनीतिक रुपमा कार्यान्वयन हुने सम्भावना छैन । लोकतन्त्र र संविधानवाद र विधिको शासनमा विश्वास राख्ने जोसुकैले सर्वोच्चको अनपेक्षित आदेशलाई अदालती प्रतिगमनको उत्कृष्ट नमुनाका रुपमा बुझ्दैछन् ।

सर्वोच्चको २३ गतेको संयुक्त इजलासको आदेश फागुन ११ गतेको संसद विघटनसम्बन्धी भएको ५ जना न्यायाधीश सम्मिलित संवैधानिक इजलासको बहुप्रतिक्षित आदेशसँग नै बाझिएको छ । प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दामा सर्वोच्च अदालतको संवैधानिक इजलासको संक्षिप्त आदेशमा केपी शर्मा ओलीको सरकार धारा ७६ (१) अनुसार बनेको सरकार भनेको छ । तर सर्वोच्चको एमाले र माओवादी केन्द्र अस्तित्वमा ल्याउने आदेशले संविधानको धारा ७६ (२) बमोजिम संयुक्त सरकार बनेको भन्ने अर्थ दिएको छ । यो धारामा दुई वा दुई दलको समर्थनमा **बाँकी ८ पेजमा**

## कांग्रेसमा नेतृत्वप्रति असन्तुष्टि



काठमाडौं । कांग्रेसको तेह्रौं महाधिवेशनबाट पार्टीको मूल नेतृत्व सम्हालेका कांग्रेस सभापति शेरबहादुर देउवाले नेपाली कांग्रेसको आन्तरिक गुटबन्दी मिलाउन नसकेर त्यसकै दलदलमा फस्दै गएका छन् । विभिन्न स्वार्थ समूह हावी हुँदा विधिविधानअनुसार कार्यसम्पादन गर्न असफल देउवाले सहमतिबाट पनि पार्टी चलाउन सकेनन् । विगतमा देउवाले नै पार्टी नेतृत्वबाहिर छँदा नेतृत्वलाई अप्ठेरो पार्न र आफ्नो स्वार्थ पूरा गर्न केन्द्रीय समिति बैठक बहिष्कार गरेका थिए । अहिले असन्तुष्ट पक्षले देउवाको त्यही नीति अख्तियार गरेको छ । जसले कांग्रेस गतिहीन मात्र बन्न पुगेको छैन, देउवाको भागमा अपजसमात्र आइलागेको छ ।

पार्टी नेतृत्वमा पुगेपछि भ्रातृ तथा शुभेच्छुक संगठनहरूको महाधिवेशन गराउन सुरु गरेका देउवाले त्यसलाई निरन्तरता दिन सकेनन् । नेतृत्व समालेको पाँच वर्षमा आइपुग्दा भ्रातृ तथा शुभेच्छुक संगठनहरू भताभुंग अवस्थामा छन्। भ्रातृ संगठनको एउटा पदाधिकारीका लागि एक महिनासम्म वार्तामा बसेका कांग्रेस संस्थापन र इतर पक्षका नेताहरूले पार्टीका १३ मध्ये ११ भ्रातृ संगठनले कार्यकाल गुजारिसक्दा पनि महाधिवेशन गराउनेतर्फ कुनै चासो र पहल गरेका छैनन्, बरु गुट चलाउन पार्टीका नेताका नाममा एनजिओ स्थापना गरेर त्यसको **बाँकी ८ पेजमा**

## एमालेमा फेरि गुट उपगुट सक्रिय



काठमाडौं । सर्वोच्च अदालतले एमाले पुन: स्थापित गरिदिएपछि वरिष्ठ नेता माधवकुमार नेपाल र झलनाथ खनाल समूहको पूर्ववर्ती गुट पुन: सक्रिय भएको छ । ५ पुसमा प्रतिनिधिसभा विघटन गरिएपछि नेपाल र खनालसहितको समूह प्रधानमन्त्री ओलीसँग व्यावहारिक र राजनीतिक रुपमा अलग भएका थिए । तत्कालीन नेकपाका दुई अध्यक्षमध्ये एक पुष्पकमल दाहाल 'प्रचण्ड' सँग मिलेर नेपाल र खनालले ओलीविरुद्ध जेहाद नै छेडेका थिए । एक अर्काप्रति गतिविधि गर्ने र तिक्ततापूर्ण अभिव्यक्ति दिएर ओली र नेपाल खनाल समूह झन्डै पानी बराबरकै अवस्थामा पुगेका थिए । नेपाल त ओली इतर पार्टीको अध्यक्ष नै भएका थिए । ओली पनि नेपाललाई प्रचण्डको मामुली कार्यकर्ता भनेर उनको मानमर्दन गर्न पछि परेनन् । तर जब सर्वोच्चको पछिल्लो फैसलाले नेकपा एकता नै बदर गरी साविकको एमाले ब्युँताइदिएपछि राजनीतिक कोर्स नै उल्टिएको छ । फैसलाको पाँच दिन बितिसक्दा पनि एमालेको आन्तरिक मिलनमा सहजता देखिएको छैन ।

ओली र नेपाल खनाल समूह आआफ्नै रणनीति लिएर अघि बढिरहेका छन् । बुधबार नेपाल खनाल समूहले आफू पक्षीय केन्द्रीय सदस्यहरूको भेला गऱ्यो भने बिहीबार स्थायी कमिटीका सदस्यहरूसँग पुन: सघन छलफल गरेको छ । अर्याल होटलमा बसेको स्थायी कमिटी सदस्यहरूको भेलाले एमालेको एकता र शक्तिलाई कमजोर पार्ने काम कसैले पनि गर्न नहुने निष्कर्ष निकालेको छ । नेपाल खनाल समूहले एमाले सरकार दुई वर्ष टिकाउन पहल गर्ने र त्यो सरकार बाम गठबन्धन गर्न लाग्नुपर्ने निष्कर्ष निकालेको छ । एमालेको एकता र शक्तिलाई कमजोर पार्ने काम कसैबाट हुन गए पार्टीको एकता र शक्ति जोगाउन थप कदम चाल्ने संकेत उक्त समूहले देखाएको छ । प्रधानमन्त्री समेत रहेका पार्टी अध्यक्ष केपी शर्मा ओली र महासचिव विष्णु पौडेलले पार्टीको औपचारिक बैठक बोलाउन सक्रियता नदेखाएका कारण यो समूह छलफलमा जुटेको बताएको छ । तर सचिव एवं संगठन विभाग प्रमुख पृथ्वी सुब्बा गुरुङले चैत १ गते एमाले केन्द्रीय कमिटीको बैठक डाकिएको जानकारी दिएका छन् । अब एमालेको गुटगत कलहले केन्द्रीय कमिटीमा प्रवेश पाउने भएको छ ।

नवौं महाधिवेशनमा निर्वाचित र पछि मनोनित गरी एमालेका २ सय ५ जना केन्द्रीय सदस्य छन । **बाँकी ८ पेजमा**

## मेलम्चीको पानी सुन्दरीजलमा

काठमाडौं । मेलम्ची पानी सुन्दरीजल आइपुगेको छ । यो उपत्यकावासीको झण्डै तीस वर्षदेखिको प्रतीक्षा हो । अन्तत: यो प्रतीक्षाले सार्थकता पाएको छ । गत फागुन १० गते सुरुङमा पानी हालेर परीक्षण गरिएकोमा १३ दिनपछि २६ किलोमिटर सुरुङ पार गरेर शनिबार पानी सुन्दरीजलमा आइपुगेको हो । यसले उपत्यकावासीमा एक प्रकारको उत्साह र खुशी पैदा भएको छ । यहाँको पानीको मागनुसारको आपूर्ति हुन नसक्नाले नागरिकहरूले पानीका लागि अनेकौं दु:ख कष्ट भोग्दै आएका थिए । धाराको पानी हप्तामा एकपटक एक दुई धण्टामात्र आउने गर्नाले माग धान्न सकिरहेको थिएन । धेरैजसो समस्याको समाधान भूमिगत **बाँकी ८ पेजमा**

## एसएसबीको अवरोध

काठमाडौं । कञ्चनपुरको भीमदत्त नगरपालिका-९ स्थित लक्ष्मी सार्कीलाई आफ्नो व्यक्तिगत घर बनाउँदा समेत भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले लक्ष्मीलाई घर बनाउनमा रोक लगाएको छ ।

वर्षौंदेखि बस्दै आएको आफ्नै भूमिमा घर बनाउन लाग्दा भारतीय एसएसबीले घर बनाउन रोक लगाएपछि लक्ष्मी अचम्ममा पर्नुभयो । 'हामी ३७ वर्षदेखि यहाँ बस्दै आएका **बाँकी ८ पेजमा**

## सेनाका जर्नेल कारबाहीमा

काठमाडौं । यौन दुर्व्यवहार गरेको भन्दै अदालतले दोषी ठहर गरेपछि नेपाली सेनाका कर्जनेल पंकज कार्कीलाई कारबाही भएको छ । उनलाई सैनिक आचरणविपरीत कार्य गरेको भन्दै सेवाबाट बर्खास्त गरिएको नेपाली सेनाका प्रवक्ता एवं सहायकरथी सन्तोषबल्लभ पौडेलले जानकारी दिए । कार्की २८ नम्बर बाहिनी सिराहामा कार्यरत थिए । **बाँकी ८ पेजमा**

## शिवरात्रिको पशुपति



काठमाडौं । शिवरात्रिलाई भगवान् शिवको जन्मदिनका रूपमा मनाइन्छ । यस दिन शिवको ज्योतिर्लिंग उत्पत्ति भएको विश्वासमा पूजा, आराधना गर्दै निराहार व्रत बस्ने र रातमा जाग्राम बस्ने चलन छ । यही दिन शिवको पार्वतीसँग विवाह भएको पनि मानिन्छ । शिवरात्रिमा पशुपतिनाथ दर्शन गर्न देश-विदेशका भक्तजनको भीड लाग्छ । यो पर्व नेपालका अतिरिक्त भारत, इन्डोनेसिया, फिजी, मरिससलगायत हिन्दु बाहुल्य भएका क्षेत्रमा विशेष रूपमा मनाइन्छ । शिवरात्रिमा पशुपतिमा आउने साधुसन्त र नागाबाबाहरूको खाने, बस्नेलगायत सम्पूर्ण व्यवस्था संस्थानले गर्दै आएको छ ।

सधैं नै यसपटक पशुपतिनाथमा दर्शन गर्न आउने भक्तजनहरूको संख्यामा कमी आएको बताइएको छ । विगत वर्षजस्तो ८ **बाँकी ८ पेजमा**

## नेपाल एकीकरणका प्रथम अभियन्ता

**समय सन्दर्भ**

**मनोज पण्डित**



६२/६३ को जनआन्दोलनपछि शसस्त्र संघर्ष गरेको माओवादी जंगलबाट सहर पसेका थिए । साथसाथै भित्रिएको थियो जनजाति र संघियताको नारा, २४० वर्षको शाहवंशीय सामन्ती राज्यप्रणाली, गणतन्त्र र नयाँ नेपालजस्ता शब्दावली । हरेक कामरेडका मुखमा ती शब्दहरू झुन्डिएका थिए भने कांग्रेस र एमालेजस्ता पार्टीका नेता, कार्यकर्ता पनि त्यसको सिको गर्न थालेका थिए । नयाँ बनाउन पुरानो संरचना पूर्णरुपमा भत्काउनुपर्छ भन्दै नेपालको सम्पूर्ण समस्याको कारक शाहवंशीय राजसंस्था नै हो भन्ने आरोप भाषणहरूमा सुन्न पाइन्थ्यो । अझ त्यसमाथि त कम्युनिष्टहरू नेपालको शाहवंशीय राजसंस्थाका संस्थापक पृथ्वीनारायण शाहमाथि पनि यसरी जाइलाग्थे कि मानौं उनले नेपाल भन्ने राष्ट्र बनाएर ठूलै अपराध गरेका थिए ।

एकीकरण होइन साम्राज्य विस्तार भन्ने दृष्टिकोण उच्च रूपले हाबी भैरहेको अवस्थामा मैले ग्रेटर नेपाल सिमानाको खोजी नामक वृतचित्र प्रदर्शनमा ल्याएँ । के छ ग्रेटर नेपालमा ? वृतचित्रले दुई तथ्य र विचारलाई प्रमाणिक ढंगले पुष्टि गर्न कोशिस गरेको छ, जसमध्ये पहिलो अंशमा दक्षिणतर्फ ब्रिटिश साम्राज्य विस्तार भैरहेको अवस्थामा गोर्खाका राजाले ५० भन्दा बढी भुरे टाकुरे राज्यहरूमा विभाजित मुलुकलाई एकीकरण अभियान सुरु गरेर उनका सन्तानहरूले त्यो अभियानलाई अगाडि बढाएर पूर्वमा टिस्टादेखि पश्चिममा सतलज तथा दक्षिणमा गंगा किनारसम्म बिशाल नेपाल बनाए, जसलाई ब्रिटिशहरूले नै 'ग्रेटर नेपाल' नाम दिएका थिए ।

ब्रिटिशको स्वार्थ र कुटिल राजनीतिलाई आत्मसात गर्न नसक्दा नेपालले उसको विशाल शक्तिसँग लगभग डेढ वर्ष युद्ध गऱ्यो र सुगौली सन्धिमार्फत एक तिहाइ भूभाग गुमायो । ती गुमाइएका भूभाग हाल भारतमा अवस्थित छन् । ब्रिटिश सरकारले भारतलाई किन त्यो भूभाग छाडयो ? किन नेपाललाई फिर्ता गरेन ? र, के ती भूभाग नेपालले फिर्ता लिने कानुनी आधार अझै पनि छ ? यी प्रश्न गर्दै उतर **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# सुकु बडुवालको अवस्था अरूले भोग्नु नपरोस्

सहर बजारमा नारी दिवसको उत्सव मनाइरहेकै बेला दूरदराजको गाउँ दैलेखको आठबिसकोट ३ निमाइलकी सुकु बडुवालले आफ्ना चार जना सन्तानसहित कर्णाली नदीमा बगेर देहत्याग गरेको दुःखद खबर मिडियाहरूमा सार्वजनिक भयो । आफ्ना सन्तानसहित सुकु बडुवालको मृत्युको वास्तविक कारण पत्ता लागिनसकेको भए तापनि पारिवारिक हिंसा खप्न नसकेर सामूहिक आत्महत्या गरेको प्रारम्भिक अनुमान गरिएको छ । सुकुको आर्थिक अवस्था कमजोर रहेको र श्रीमान मानसिंह बडुवालले सधैंभरि मदिरा पियर यातना दिने गरेको उनका छिमेकीहरूले बताएका छन् । एउटै परिवारका पाँच जनाले आत्महत्या गर्नुपर्ने अवस्था आउनु या अन्य कारणले उनीहरूको हत्या हुनु निश्चय नै अत्यन्तै पीडादायी र सुन्दै कहालिलाग्दो अवस्था हो ।

मुलुकमा लोकतन्त्र आएर राजनीतिमा विभिन्न खाले अभ्यास गरिए तापनि गरिब र निमुखा जनताको घरमा लोकतन्त्रको घामले चिहाउन सकेको छैन । कागजी रूपमा विकासले गति लिएको देखाइन्छ । प्रधानमन्त्रीदेखि मन्त्री गणहरू र प्रदेश सरकार समेत शिलान्यास र उद्घाटनमा व्यस्त देखिन्छन् तर घरघरमा व्याप्त रहेको गरिबी घटाउने रोजगारी सिर्जना गर्ने रोडम्याप सरकारसँग छैन । गरिब झन् गरिब हुने र धनीहरू झन् धनी हुँदै जाने परिपाटी मुलुकमा व्याप्त छ । भ्रष्टाचार, आर्थिक अनियमितता, लुटतन्त्रले मुलुक जर्जर बन्दै छ भने गरिब जनता खाना र नानाको खोजीमा छिमेकी भारत र खाडी मुलुकमा भौंतारिनुपर्ने अवस्था विद्यमान रहेको छ ।

महिलामाथि हुने चरम घरेलु हिंसा, शोषण, दमन रोकिन सकेको छैन । मजदुरी गरेर दुई छाकको जोहो गर्न धौ धौ हुने परिवारका महिलालाई नारी दिवस र समानताका कुराले छुन सकेको छैन । सत्तरी वर्षका हजुरआमादेखि बोली नफुटेका नानीहरूसमेत बलात्कार र हत्याको सिकार भइरहेका छन् । एसिड आक्रमणजस्तो जघन्य अपराधले युवतीहरू त्रसित बनेका छन् । दइजो प्रथा जस्ता कुरीतिको अन्त्य हुन सकेको छैन । यस्तो अवस्थामा हरेक वर्ष आउने नारी दिवस केवल औपचारिकतामा सीमित बन्ने गरेको छ । सुकु बडुवाल जस्ता दूरदराजका नारीहरूले वास्तविक रूपमा परिवर्तनको महसुस नगरेसम्म लोकतन्त्रले अवलम्बन गरेका समानताका सिद्धान्त कागजमा सीमित बन्नेछन् ।

पञ्चायतकालमा राजाको एउटा महावाणी थियो– 'प्रजातन्त्रको उज्यालो घामबाट कोही वञ्चित हुनु नपरोस्' भन्ने । व्यवस्था निरंकुश भए पनि प्रजातन्त्रको दुहाई दिन राजा र पञ्चहरू एक स्वरले कराउने गर्थे । अहिले परिस्थिति त्यस्तै छ । सत्तामा बसेर मोज गर्नेहरू लोकतान्त्रिक गणतन्त्रको बखान गरेर थाक्दैनन् । तर जनता रोग, भोक र गरिबीले लखतरान बनिरहेका छन् । गाउँघर, कुनाकाप्चाको गरिबी, सहरी क्षेत्रको गरिबी बेरोजगारी अन्त्य गर्ने खालका ठोस योजना र नीतिको पर्खाइमा जनता बसेका छन् । मदिराजन्य पदार्थको सेवन, लागूपदार्थको सेवन, जुवातास जस्ता कुराहरू बेरोजगारीका उपज हुन् । मानिस काममा व्यस्त भएपछि विकृति विसंगतितर्फ ध्यान कम जान्छ । त्यसैले रोजगार सिर्जना गर्ने दिशामा सरकारको ध्यान केन्द्रित हुनुपर्छ । सधैंभरि कुर्सीको लडाइँमा अल्झेर मुलुक बर्बाद पार्नेहरूलाई पक्कै पनि सुकु बडुवाल जस्ता सपरिवार मृत्युवरण गर्नेको श्राप लाग्नेछ । यो घटनाले राज्यको शासन सञ्चालन गर्नेहरूलाई गम्भीर प्रश्न उब्जाएको छ ।

# कार्यकर्ता भर्तिकेन्द्र बनाउँदाको विचल्ली



## सुरेन्द्र ढकाल

एक संवैधानिक अंग सर्वोच्च अदालतले अर्को संवैधानिक अंग निर्वाचन आयोगको निर्णय उल्टाउँदै एमाले र माओवादी केन्द्रको एकता नै बदर गरिदिएको छ । कारण एकत्रित पार्टीको नाम नेकपा पहिले नै दर्ता भएको ऋषि कट्टेलको दलको नामसँग मिलेको भन्दै एकै नामको दुई दल हुन नसक्ने जिकिर गर्दै सर्वोच्च अदालतले एकता बदर गर्दा पुनः एमाले र माओवादी केन्द्र ब्युँतिन पुगेका छन् ।

निर्वाचन आयोगका आयुक्तहरूले निष्पक्ष भएर काम गरेको भए यस्तो दुघटर्ना हुने थिएन । ठूला दलले गरेको अनियमित कार्यमा पनि आँखा चिम्लने र साना दलमाथि हेपाह प्रवृत्ति राख्ने निर्वाचन आयोगलाई सर्वोच्च अदालतले गालामा राम्रै चड्कन दिएको छ ।

**हिजो एक अर्कामाथि धारे हात लाउने नेता कार्यकर्ताहरू लाज घिन पचाउँदै पुनः एक अर्कालाई नेता मान्दै अँगालो मार्न जानुपर्ने परिस्थितिको सिर्जना हुँदा प्रजातन्त्रमा सिद्धान्त नीतिभन्दा पद र सुविधा प्यारो हुँदो रहेछ भन्ने कुरा स्पष्ट भएको छ ।**

प्रमुख आयुक्तदेखि कर्मचारीसम्मका पदमा आफ्ना कार्यकर्तालाई आयोगमा भर्ति र सरुवा गर्दा कस्तो अवस्था आउँदो रहेछ भन्ने कुरा यी ठूला भन्ने दलहरूले पनि राम्रै बुझेको हुनु पर्दछ । चड्कन निर्वाचन आयोगले खाए पनि त्यसको दुखाइ भने भर्ति गर्ने प्रचण्ड, माधव, झलनाथ र ओली सबैले अनुभव गरेका होलान् । जावो फुच्चे ऋषि कट्टेलको पक्षमा सर्वोच्चको फैसला जाला भनेर गणतन्त्रका नयाँ राजाहरूले सोचेका सम्म पनि थिएनन् होला ।

सर्वोच्चको पहिलो निर्णयले ओलीको सर्वसत्तावादलाई नंग्याएको थियो भने दोस्रो निर्णयले नियम कानुनविपरीत नेताको मनशाय बुझेर निर्णय गर्ने निर्वाचन आयोगलाई नंग्याइदियो । हिजो एक अर्कामाथि धारे हात लाउने नेता कार्यकर्ताहरू लाज घिन पचाउँदै पुनः एक अर्कालाई नेता मान्दै अँगालो मार्न जानुपर्ने परिस्थितिको सिर्जना हुँदा प्रजातन्त्रमा सिद्धान्त नीतिभन्दा पद र सुविधा प्यारो हुँदो रहेछ भन्ने कुरा स्पष्ट भएको छ ।

ओलीको शरणमा पुग्न बाध्य माधव, झलनाथ, भीम रावल र झाँक्रीहरू अनि ओलीको शरणमै बस्न चाहने वादल अनि टोपबहादुरहरूले यी कुरा प्रमाणित गरेर देखाइदिएका छन् ।

नेपाली जनताले सोचेका थिए प्रजातन्त्र, अनि गणतन्त्र यस्तो साधनहरू हुन् जसले चुट्की बजाउँदा समृद्धि ल्याउला भनेर । त्यही ठानेर उनीहरूले नेताको आह्वानलाई शिरोधार्य गर्दै बारम्बार आन्दोलनमा उत्रिए । तर ७ दशकपछिको आन्दोलनको उपलब्धि के रह्यो त भन्दा उही अराजकता, उही हिंसा अझ बढी मात्राको राष्ट्रघात, भ्रष्टाचार अनि राजनीतिक अस्थिरता । यसको लागि मुख्य जिम्मेवार भनेको व्यावसायिक समूह जस्तो निजामती सेवा, प्रहरी, सेना, शिक्षक, चिकित्सक, इञ्जिनयर अनि वकिललाई आफ्नो झण्डा बोक्न बाध्य बनाउने राजनीतिक दलहरू नै हुन् ।

अझ बढी त आफ्नो व्यावसायिक स्वायत्तता र शानलाई तिलाञ्जली दिँदै राजनीतिक दलको चाकडीमा पुग्ने यस्ता व्यावसायिक समूहहरू यस देशमा भएको कारण प्रजातन्त्र अनि गणतन्त्र दुवै क्रमशः धरापमा पर्दै गएको छ ।

# आजको राजनीतिक अवस्था



## गोविन्द विक

तत्कालिन नेकपा माओवादी र नेकपा एमाले नेपालको एक मात्र ठूलो कम्युनिष्ट पार्टीको रुपमा उदय हुने मनसायबाट पार्टी एकिकरण गरेर नेपाल कम्युनिष्ट पार्टी नेकपा भएको थियो । संविधान सभापछिको चुनावमा एमाले र माओवादीले आआफ्नै दलबाट चुनाव लडेका थिए । सो चुनावमा माओवादी ५३ सिटमा तेस्रो दल बनेको थियो भने एमाले १२१ सिट ल्याएर पहिलो दल बन्न सफल भएको थियो ।

नेपाली कांग्रेसको यथास्थितीवादी चलन र माओवादीले जनसरोकारका सवाललाई बेवास्ता गरेको हुनाले एमालेलाई विश्वास गरी १२१ सिटमा जनताले जिताएका थिए । एमाले पहिलो ठूलो दल हुनुमा दोस्रो पटक गठबन्धन सरकारका प्रधानमन्त्री भएका केपी शर्मा ओलीले गरेका केही राम्रा कामको प्रभाव थियो भन्नेहरू धेरै भेटिन्छन् ।

उता माओवादीले जनताका मुद्दालाई बिर्सदै जानु र कांग्रेसले परिवर्तनलाई संस्थागत गर्ने नीतिमा अलमलिनु त्यही समयमा ओलीले देश र जनताप्रति बफादार भएर काम गर्नु नै एमालेको शाख उँचो भएको थियो । चुनावमा पहिलो दल एमाले भएपछि माओवादी पनि एमालेतिरै गएर पार्टी एकता गरेको थियो । त्यसरी एकता गर्दा दुई पार्टीको सिट जोड्दा राम्रै गरी दुईतिहाइ बहुमत हुने भएपछि सरकार चलाउन समस्या नहुने भयो । यी सबै कुरालाई आँकलन गरी एमाले र माओवादी एकिकृत भई नेकपा बनेको थियो । तर विडम्बना सत्ता हाँकिरहेको नेकपाभित्र व्यक्ती विषेशको रबैयाले गर्दा पार्टीमा चिरा पर्‍यो अन्ततः त्यसले प्रतिनिधिसभा नै छिन्नभिन्न बनाइदियो ।

सर्वोच्च अदालतले भत्काइएको प्रतिनिधिसभा ब्युँताइदियो । यसपछि अब पार्टीमा मिलेर अगाडि बढ्ने र कसैले त्याग र कसैले आत्मरतीको अवस्था स्वीकार गरी देशको राजनीतिक परिवेश फेरि एकपटक सही लिकमा दौडिन्छ भन्ने धेरैको बुझाइथियो ।

प्रतिनिधिसभा ब्युँतिएपछि एकअर्कालाई निषेध गर्ने भन्दा पनि विगतका गल्ती र कमजोरीलाई एक ठाउँमा फालेर फेरि हामी सँगै छौं है भन्ने अवस्था होला भन्नेहरूको जमात ठूलै थियो । तर सर्वोच्च अदालतले नेकपा नामको पार्टीलाई बैधता नदिएपछि तत्कालिन एमाले र माओवादी पुरानै पार्टीमा फर्किनुपर्ने बाध्यकारी अवस्था सिर्जना भयो । यसले अब फेरि हिजो एकअर्कालाई तल्लोस्तरको गाली गरेर मुन्टो बटार्नेहरू कसरी मिलेर एउटै पार्टीमा अगाडि बढ्छन धेरैले पत्याएका छैनन । जस्तै माधव र ओली एमालेका नेता अब कसरी एकअर्काप्रति मिलेर जान्छन ? प्रचन्ड र बादलको अवस्था पनि त्यही छ । प्रचन्ड र बादल हिजो सँगै बन्दुक बोकेका नेता माधव र ओली लामो समय एउटै पार्टीमा उदाएका नेता हुन् ।

अदालतको निर्णयले राजनीतिक माहोल नै पूरै नब्बे डिग्रीमा लगिदियो । दुबै धारका नेताहरूलाई अहिले अन्योलताको अवस्था बनाइदियो अदालतले । ओली, प्रचन्ड र माधव सबैले सोचेभन्दा निकै फरक तरिकाले अदालतले निर्णय गरिदियो । यदि नेकपामा दुई धार नहुँदो हो त मिलेर सामना गर्ने थियो कुनै नाम फेरेर भए पनि दुईतिहाईको सरकार चलाउने र आगामी चुनावमा नयाँ नाम जनतासमक्ष अनुमोदन गराएर फेरि बहुमत ल्याउने कसरत हुने थियो । तर दुई धार भएपछि आआफ्नै पार्टीमा फर्किएर जनता र देशको अनुकूलमा काम गर्नुको विकल्प देखिएन ।

एमाले र माओवादीले आआफ्नै पार्टीमा फर्किएर जनसरोकारका सवालमा डटेर अगाडि बढ्ने र व्यक्तिवादी पद्धतिलाई बिर्सेर विधि र प्रक्रियामा चल्ने र हिजोको गल्ती कमजोरीलाई आत्म समीक्षा गरी अगाडि बढ्ने हो भने फेरि पनि जनताको मन जित्न समय लाग्दैन ।

**नेकपाको वैधानिकतामा अदालतले प्रश्न खडा गरी पार्टीलाई पूर्ववत रूपमा आआफ्नै पार्टीमा फर्किने वातावरण बनाइदिएर पछि झनै अन्योलता र अस्थिरताको माहोल बन्दै जाने देखिएको छ । अबको राजनीतिक परिवेश कसरी अगाडि बढ्छ र नेकपाबाट चुनाव जितेकाहरूको हैसियत के हुन्छ ? परिवेश झन् पेचिलो बन्दै जाँदैछ ।**

नेकपाको वैधानिकतामा अदालतले प्रश्न खडा गरी पार्टीलाई पूर्ववत रुपमा आआफ्नै पार्टीमा फर्किने वातावरण बनाइदिएर पछि झनै अन्योलता र अस्थिरताको माहोल बन्दै जाने देखिएको छ । अबको राजनीतिक परिवेश कसरी अगाडि बढ्छ र नेकपाबाट चुनाव जितेकाहरूको हैसियत के हुन्छ ? परिवेश झन् पेचिलो बन्दै जाँदैछ । आम जनताले सोचेजस्तो अबको राजनीतिक यात्रा सहज हुने छाँट छैन । सरकारमा पनि अस्थिरताको संकेत हुँदैछ ।

# मानव बेचबिखन तथा तस्करीको आधुनिक रुप

**– राकेश प्रसाद चौधरी**

अन्तर्राष्ट्रियस्तरमा फैलिएको सांगठनिक अपराधमध्ये अहिले बढी चर्चा, बहस र अभियान मानव बेचबिखन तथा तस्करी बिरूद्ध लक्षित छ । यस अन्तराष्ट्रिय जालोबाट नेपाल दुईतर्फी मारमा परेको छ । नेपालबाट हुने नेपालीको बेचबिखन तथा तस्करी, यस क्षेत्रलाई 'ट्रान्जिट' बनाएर गरिने गतिविधि एवं अरू देशबाट तस्करी गरि ल्याएकाहरूको आश्रयस्थल नेपाललाई बनाइनुले यो समस्या निकै जटिल छ। यस गंभिर प्रकृतिको अपराधलाई निरूत्साहन गर्न र यस अपराधबाट पीडित हुन नदिन चारैतर्फबाट अग्रसरता देखिएको छ ।

मानव बेचबिखन तथा तस्करीसँग लागूऔषध र हतियारको व्यापार पनि जोडिएरै आएको देखिन्छ। यी अपराधबाट हुने आम्दानीको लगानी आतंकवादी गतिविधि तथा मानव अधिकारका बिरूद्धमा पनि लक्षित रहेका हुन्छन् । नेपाल प्रहरीले मुख्य कार्यालयमार्फत हेर्ने गरेको यस्ता अपराधहरूको अनुसन्धान र निरूत्साहनका लागि राजधानी (काठमाडौं) केन्द्रित छुट्टै ब्यूरोहरू मार्फत काम कारबाही हुनेगर्छ ।

नेपाल सरकार (मन्त्री परिषद) ले २०७५ साल जेष्ठ २७ गतेको निर्णयानुसार मानव वेचबिखन अनुसन्धान ब्यूरोको स्थापना गरिएको हो । ब्यरोले २०७६ साल बैशाख २९ गतेबाट कानुन किताब व्यवस्था समितिको भवनमा कार्यालय स्थापना गरि कार्यारम्भ गरेको छ । ब्यूरोको कामलाई विशिष्टिकृत गर्दै २०७६ भदौ ४ गतेको नेपाल सरकार (मन्त्री परिषद्) निर्णय भई प्रहरी नियमावली २०७१ मा सातौ संशोधन गरेर यस ब्योरोको लागि कार्यादेश प्राप्त भएको हो भने २०७६ असोज १३ गतेको प्रहरी नियमावली २०७१ मा सातौ संशोधन नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएको छ ।

मानव अंग व्यापार, बिवाह, मनोरंजन, यौनजन्य क्रियाकलाप, निकृष्ट श्रम, रोजगार, बधुवा मजदूरी, गुलामी, बच्चाको जन्म, लालनपालन, लागूऔषध एवं हतियार ओसारपसारसहितको काममा प्रयोग हुनेहरू बेचबिखन र तस्करीको माध्यमबाट यस अपराधको जंजालमा जकडि्एको अध्ययनले देखाउँछ। नेपालको सुरक्षा निकाय, बिभिन्न गैरसरकारी संघसंस्थाबाहेक मानवअधिकार आयोगले समेत मानव बेचबिखन तथा तस्करीको घटनासँग सम्बन्धित प्रतिबेदनहरू बर्षेनि प्रस्तुत गरिरहेका छन् । आधुनिक दास बनाउन समेत अहिले मानव बेचबिखन तथा तस्करी हुन थालेको पाइन्छ । आधुनिक दासलाई आफू बेचिएको महसुस गर्न बर्षौ लाग्ने गर्दछ अथवा स्वेच्छाले स्विकार गरेको श्रमको प्रकृति बधुवा मजदूरजस्तो रहेको महसुस भएपनि उन्मुक्ति पाउन सकिरहेको हुँदैन ।

नेपालबाट बर्षेनि वैध एवं अवैध मार्गबाट मानव तस्करी भइरहेको घटना बाहिर आउने गरेका छन् । बेचबिखनका लागि मानव तस्करीको आधुनिक रूप हालका दिनमा हेर्न सकिन्छ । विभिन्न पत्रपत्रिकामा सँगै क्यानाडा, अमेरिका, युरोप, जापान लग्ने, बिदेशमा बस्ने युवकसँग बिवाह गर्ने केटी चाहियो भन्ने किसिमका बिज्ञापन दिनहुँ हेर्न सकिन्छ । केही बिज्ञापन सत्य भएको हुनसक्ने आधार भएपनि अधिकांश शंकाको घेरामा रह्ने गर्दछ तर यस बिज्ञापनमाथि विश्वास गरेर बेचिएका घटना बाहिर नआएका भने होइनन । तथापि पत्रपत्रिका र सामाजिक संजालहरूमार्फत समेत मानव बेचबिखनको अपराध हुने गरेको छ।

बैदेसिक रोजगारको लागि वैधमार्गबाट सम्बन्धित देशमा नै मानवको बेचबिखन गर्ने गरिएको उजुरी नेपाल प्रहरीमा पर्ने गरेको छ । अर्कोतर्फ अवैध मार्ग भएर भारत एवं भारतबाट अन्य देशमा मानव तस्करी भई बेचबिखन भइरहेको विषयमा पटक पटक आमसंचारमाध्यम बहस हुनुका साथै राष्ट्रियस्तरमै अभियानहरू चलाउने गरिएको छ । असाक्षरता, विपन्नता र रोजगारीको लोभले कत्तिखेर तस्करको जालमा नेपाली फस्छन्, पत्तो नै पाउँदैनन् ।

प्रत्येक बर्ष झण्डै ३५ हजारभन्दा बढी महिला, पुरुष एवं बालबालिका बेचबिखन भइरहेको बिभिन्न अध्ययनहरूबाट देखिएको नेपाल मानवअधिकार आयोगले २०७६ सालको प्रतिवेदनमा समेत औंल्याएको छ । जसमध्ये बेचबिखन भई पुग्नेहरू भारत, खाडी देश, युरोप,अफ्रिका,अमेरिकालगायत क्षेत्र तथा देशबाट थोरै संख्या मात्र उद्धार हुने गरेका छन् । सुरक्षाकर्मीबाट उद्धार हुने संख्या बढीमा तीनहजार रहेपनि विभिन्न संघसंस्थाहरूले यो संख्या १० हजार पुग्ने गरेको दाबी गर्दै आएका छन् । त्यस्तै भारतीय सुरक्षाकर्मीले समेत बर्षेनि त्यहाँबाट बेचिएका र तस्करी भई पुगेकाहरूको उद्धार गर्दै आएको छ भने भारतस्थित राष्ट्रिय महिला आयोग लगायतका संस्थाहरू यस कार्यको नेतृत्व गर्दै आएका छन् ।

मानवअधिकार आयोगले गतबर्ष प्रकाशन गरेको प्रतिवेदनले झण्डै १५ लाख नेपाली मानव बेचबिखन तथा तस्करीको जोखिममा रहेको उल्लेख गरेको छ । नेपालको सीमानासँग जोडिएको भारत विहार नाकाहरूमा भारतीय सशस्त्र सीमा बलले मानव तस्करी र बेचबिखनबिरूद्ध छुट्टै टोली समेत परिचालन गरेको छ ।

*क्रमशः*

# मैले देखेको १६१ औं विश्व पर्यटकीय स्थल

# टोकियोको जोयो जी मन्दिर

सुरेन्द्र ढकाल



बाहिरबाट हेर्दा जोयो जी मन्दिर यस्तो देखिन्छ



मन्दिरभित्र रहेको शिवा पार्क



हिसानोसँग डिनर टेबलमा सुरेन्द्र १५ मे २००६ मा



मन्दिर परिसरमा पर्यटकहरू



मन्दिर स्थलमा रहेको सोगुनहरूको चिहान

१४ मे २००६ को बिहानै हिँडेर बुलेट ट्रेनबाट टोकियो पुगेको कुरा विश्व आश्चर्य बुलेट ट्रेनको बारेमा लेख्दा बयान गरिसकेको छु। टोकियोमा रहेको नेपाली दुतावासले टोकियोको रोपोंगी इलाकामा रहेको आइविस होटलको मेरो लागि एक रिजर्व गरिदिएको रहेछ। त्यहाँ पुगेको केही समयपछि रोटरी क्लव सेतागायाकी उपाध्यक्ष हिसानोले मलाई फोन गरी डिनरको लागि बेलुका ६ बजेतिर लिन आउने जनाउ दिइन। ६ बज्न दुई घन्टा बाकी रहेको कारण रोपोंगी शहरी इलाका घुम्ने विचारले होटलबाट बाहिर निस्की पौने ६ मा होटल फर्किएँ। नभन्दै एकै छिनमा हिसानो आइुपगिन र उनले टोकियो शहरको मुटु गिन्जामा आफ्नै कारमा लिएर गइन्। त्यहाँ एक रेष्टुराँमा खाना खाई आठ बजे उनले मलाई होटलमा छोडिदिइन्।

भोलिपल्ट मैले होटलबाट बिहानै योको आवे भन्ने एक जापानी महिलालाई फोन गरैं जस्को नम्बर मैले मित्र लक्ष्मी उप्रेतीबाट प्राप्त गरेको थिएँ। आवेलाई पनि मलाई त्यो दिन टोकियोमा भेट्ने भन्ने कुरा थाहा थियो। ब्रेकफास्ट सक्दा नसक्दै आवे मेरो होटलमा आइपुगिन् र मलाई जोयोजी मन्दिर टोकियो टावरतिर लिएर गइन्।



जोयो जी मन्दिरको भित्री भाग

**जोयो जी मन्दिर**

यो मन्दिरको पूरा नाम सानेन जान जोयो जी रहेछ। यो टोकियोमा रहेको जापानकै एक प्रसिद्ध बुद्ध मन्दिर रहेछ। जोदो शु चिन्जेइ बुद्ध सम्प्रदायको मुख्य मन्दिर मानिँदो रहेछ। यस क्षेत्रको मौलिक भवन, मन्दिर, चिहान र क्याथेड्रल विभिन्न समयमा भएको आगलागी, प्राकृतिक बिपत्ति बारम्बार क्षति पुग्न गएको रहेछ। मन्दिर प्रवेशद्वारको रुपमा एक काठको विशाल ढोका (संगादेत्सुमोन) रहेछ जस्लाई टोकियोकै सबैभन्दा पुरानो ढोका मानिदो रहेछ। यो २१ मिटर अग्लो दुई तले रहेछ र सन १६२२ मा निर्माण भएको रहेछ।

विभिन्न बेलामा भएको आगजनी विपत्ति र वम प्रहारबाट जोगिएको भन्नु यस मन्दिर स्थलको यही ढोका रहेछ र यसलाई जापानको बहुमूल्य सांस्कृतिक सम्पदा रुपमा मानिएको रहेछ। .यस मन्दिर वरिपरि रहेको अति सुन्दर बगैंचा शिवा पार्कको नामबाट चिनिदो रहेछ। इतिहास खोतल्दै जाँदा यो जोयो जी मन्दिर रहेको स्थलमा नवौं शताब्दिमा कोमोयो जी मन्दिर रहेछ। पछि सन १३९३ मा युओ शोशो नामक धर्मगुरुले मुरोमाची वंशको शासनकालमा त्यस मन्दिरलाई परिवर्तन गरी जोयो जी मन्दिरमा रुपान्तरण गरेका रहेछन्। शुरुमा यस मन्दिर स्थलमा मन्दिर बिहार विभिन्न भवन गरी १२० वटा संरचना रहेछन्। पछि मेजी वंशको शासनकालमा बुद्ध धर्म क्रमशः हराउँदै गएको कारण ती संरचनाहरू आगलागीको कारण विस्तारै लोप हुँदै गएका रहेछन्।

दोस्रो विश्वयुद्धताका भएको हवाई आक्रमणको कारण शून्य अवस्थामा पुगेको यो मन्दिर क्षेत्रमा सन १९७४ मा डाइडेन नामक विशाल हल निर्माण भएपछि यहाँ चहलपहल पुनः शुरु भएको रहेछ। मानिसहरू त्यस ढोकाबाट छिरेपछि मानवीय अवगुण जस्तो लोभ, घृणा र मुर्खताबाट मुक्ति पाइन्छ भनेर विश्वास गर्दा रहेछन्। यस ढोकाको माथिल्लो तलामा दुई मूर्तिहरूको बीचमा गौतम बुद्धको मूर्ति रहेछ।

जापानको टोकुगावा वंशसँग सम्बन्ध रहेको यो मन्दिरको छिँडीमा त्यस वंशका १५ जनामध्ये ६ जना राजा (सोगुनेट) को चिहान पनि रहेछ।



प्रवेशद्वारको माथिल्लो तलामा रहेको बुद्धको मूर्ति

# २०४६ सालको आन्दोलनबारे-२




■ शम्भुराम श्रेष्ठ

संयुक्त राष्ट्रिय जनआन्दोलन' लाई त्यसमा सामेल गराइएन। त्यसलाई वार्तामा सामेल नगराउनुका अरु पनि कारणहरू थिए, जसमध्ये एउटा मूल कारण थियो- 'संयुक्त राष्ट्रिय जनआन्दोलन' को संविधान सभासम्बन्धी अडान। जे होस्, त्यसलाई वार्तामा सामेल गराइएन र २०४७ सालको संविधान निर्माणमा त्यसको नराम्रो असर पर्न गयो।

दरबार, नेपाली कांग्रेस र संयुक्त वाम मोर्चाबीच सहमति भएर बनेको माधवकुमार नेपाल, निर्मल लामा, दमननाथ ढुंगाना, लक्ष्मण अर्याल आदि वाम मोर्चा र नेपाली कांग्रेसका प्रतिनिधिहरू सम्मिलित 'संविधान मस्यौदा आयोग' ले संविधानमा के, कस्ता कुराहरू राख्नुपर्थ्यो र के कस्ता कुराहरू राख्यो, हेरौं-

१. नेपाली जनताको सार्वभौमसत्ता नेपाली जनतालाई सुम्पन लगाउनुपर्थ्यो, सुम्पन लगायो तर त्यो औपचारिकता मात्र भयो, वास्तविक भएन। किनभने संविधानमा संवैधानिक राजतन्त्र र बहुदलीय संसदीय प्रजातन्त्र लगायत अरु केही विषयहरूलाई अपरिवर्तनीय विषयको रुपमा समावेश गरियो, जसले गर्दा नेपाली जनताको सार्वभौम अधिकारमाथि अंकुश लाग्न गयो।

नेपाली जनता सार्वभौमसत्ता सम्पन्न हुन् भने, तिनले आफ्ना प्रतिनिधिहरूमार्फत आफूले चाहेको बेला पूरै संविधानलाई खारेज गरी अर्कै, आफूले चाहे अनुसारको नयाँ संविधान निर्माण गर्ने र मौजुदा संविधानलाई आंशिक परिवर्तन वा सुधार गर्ने अधिकार हुने कुरा स्वतः सिद्ध छ। अतः संविधानमा जनप्रतिनिधि सभालाई सर्वोच्च अर्थात् सर्वाधिकार सम्पन्न संस्थाको रुपमा व्यवस्था गरिनुपर्थ्यो, गरिएन। अझ उल्टै संविधानलाई सर्वोच्चता प्रदान गरियो।

(२) संविधानले नेपाललाई पूर्णरुपले स्वाधीन सार्वभौमसत्ता सम्पन्न, जनतान्त्रिक मुलुक घोषणा गरी नेपालमाथि सदियौंदेखि विदेशी शक्तिहरूद्वारा लादी आएका तमाम असमान सन्धि सम्झौताहरू एकतर्फी रुपले खारेज गरेको घोषणा गर्नुपर्थ्यो, तर गरेन र नगरेबाट नेपाल औपचारिक रुपले स्वाधीन हुन गयो र व्यावहारिक रुपले पराधीनको पराधीन नै।

(३) संविधान बनाउनुअघि नै गर्नुपर्ने अर्को एउटा मुख्य कार्य थियो- 'जमिन जोत्नेको सिद्धान्त बमोजिम आमूल भूमिसुधार गरी सदियौंदेखि नेपाली समाजको विकासको बाटोमा तगारो भइआएको सामन्तवादलाई जरैदेखि उन्मूलन गर्नु। त्यो त गरिएन गरिएन, त्यसको आवश्यकताबारे संविधानमा उल्लेखसम्म पनि गरिएन।

(४) नेपाल एउटा बहुजातीय तथा बहुभाषिक मुलुक हो। अतः यस्तो मुलुकमा एउटा खास जाति विशेषको भाषालाई मात्र राष्ट्र भाषा (सरकारी भाषा) को विशेषाधिकार दिई त्यसको विकास र प्रचारप्रसारको निम्ति विशेष प्रोत्साहन र सुविधा जो दिने गरिएको छ, त्यो एकदमै पक्षपातपूर्ण र अन्याय हो र त्यसैले तुरुन्त त्यसको अन्त्य गर्नुपर्छ र नेपालका सबै जाति र जनजातिहरू र तिनीहरूका भाषाहरूलाई समान अधिकार प्रदान गर्नुका साथसाथै समानता, समान मर्यादा र समान प्रोत्साहनको आधारमा स्वस्थ राष्ट्रिय एकता निर्माण गर्न कुरा संविधानमा उल्लेख गरिनुपर्थ्यो तर गरिएन।

(५) नेपाल एउटा थुप्रै धर्मावलम्बीहरूले बसोबास गरेको बहुधार्मिक मुलुक हो। यस्तो मुलुक धर्मनिरपेक्ष हुन र गराउनु स्वाभाविक हुन्छ। तर २०४७ सालको संविधानले नेपालका अरु सबै धर्महरूलाई दोस्रो दर्जामा राखेर नेपाललाई हिन्दू राज्यको मान्यता दिएको छ, जो सरासर गलत पक्षपातपूर्ण हो र यो अस्वाभाविक पनि हो, किनकि राज्यको धर्म हुँदैन, धर्म भनेको मानिसकै मात्र हुन्छ।

२०४७ सालको संविधान मस्यौदा आयोगले मात्रै एकमतले पास गरी कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री रहेको अन्तरिम मन्त्री परिषद्लाई बुझाएको होइन, अन्तरिम मन्त्रिपरिषद् स्वयंले पनि सर्वसम्मतिले पास गरी राजाबाट घोषणा गराएको हो।

अतः धर्म निरपेक्षता विरुद्ध गएर नेपाललाई हिन्दु अधिराज्य घोषणा गराउनमा र नेपालको एउटा खास जाति विशेषको भाषालाई मात्र राष्ट्र भाषा (रकारी कामकाजको भाषा) हुने विशेषाधिकार प्रदान गरी नेपालका अरु सबै भाषाहरूलाई दोस्रो दर्जाको भाषा मान्ने काममा एमालेको माधवकुमार नेपाल र (चौ.म.) को निर्मल लामा त सहभागी थिए नै, त्यसको साथसाथै ती दुई पार्टी र सिंगो संयुक्त वाम मोर्चा पनि उत्तिकै जिम्मेवार थिए।

त्यतिमात्रै होइन, २०४७ सालको संविधानसम्बन्धी शाही घोषणा भएको लगत्तै अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम मन्त्रिपरिषद्को सदस्यको हैसियतले सहाना प्रधान पनि सम्मिलित भएको प्रतिनिधिमण्डल नयाँदिल्ली गयो र त्यसले भारत सरकारलाई २०४६ सालको जनआन्दोलनलाई जिताइदिएको बापत उपहार स्वरुप सन् १९९० को संयुक्त विज्ञप्ति जस्तो राष्ट्रघाती विज्ञप्ति चढाउने काम गऱ्यो। यसबाट नेपाली कांग्रेस र एमालेले जतिसुकै आफूहरू राजनीतिक सैद्धान्तिक रुपले एक अर्कोदेखि भिन्न भएको घोषणा गरिहिँडे पनि यथार्थतः व्यवहारमा ती दुवै एउटा सिक्काका दुई पाटा मात्र भएको प्रमाणित हुन्छ।

२०४६ सालको आन्दोलनको प्रशंसामा भन्नेहरूले जे जस्तो भन्ने गरे तापनि, त्यो वास्तवमा काठमाडौं उपत्यकामा मात्र केन्द्रित थियो र उपत्यका बाहिर नगन्य रुपको मात्रै थियो। आन्दोलन २०४६ सालको फागुन ७ गते सुरु हुन्छ र चैत २६ गते अन्त्य हुन्छ। सामान्यतया त्यति छोटो समयावधिमा र त्यो पनि शान्तिपूर्ण आन्दोलनले मुलुकको सत्ता परिवर्तन हुँदैन। तर कतिपय देशी विदेशी कारणले र राजा वीरेन्द्रको उदारवादी सोचको कारणले निर्दलीय पञ्चायती शासनको अन्त्य भयो र बहुदलीय संसदीय व्यवस्था आयो।

आन्दोलनका नेताहरूले यति सजिलै परिवर्तन आउला भनी कल्पनै गरेका थिएनन् तर आइदियो। 'इजी कम इजी गो' भने जस्तै नेपाली कांग्रेस र एमालेका नेताहरूले यस घटनालाई बिल्कुलै हलुका तवरले लिए र उनीहरूमा नयाँ परिवर्तन राजनीतिक स्थितिप्रति आफ्नो दायित्वको बोध नै भएन। र त्यस घटनाप्रति उनीहरू कहिल्यै गम्भीर भएनन्। राजनीतिलाई खेलबाड र पैसा कमाउने सजिलो बाटोको रुपमा लिइयो। सत्तामा पुगेपछि कुर्सीलाई उनीहरूले आफ्नो बक्यौता सम्झन थाले। आफ्नो पार्टीको बहुमत हुँदाहुँदै पनि आफ्नो व्यक्तिगत स्वार्थका लागि प्रतिनिधि सभालाई विघटन गर्ने प्रचलन हुन थाल्यो। त्यसको परिणाम आज समस्त नेपाली जनताले भोग्नु परिरहेको छ।

# मृगौला रोग के हो ?



मृगौला भनेको हाम्रो शरीरको पेटको पछाडि ढाडको दुवैतिर रहेको दुईवटा महत्वपुर्ण अंग हो। हाम्रो जीवनमा यसको महत्वपूर्ण भुमिका छ। यसले हाम्रो रगतमा भएको फोहोर र बढी मात्रामा भएको पानीलाई पिसाववाट फालेर रगत सफा राख्दछ। यसले रगतमा भएको नुन र खनिज पदार्थ सन्तुलनमा राख्छ जसले गर्दा रक्तचाप नियन्त्रण हुन्छ। जब मृगौला बिग्रन्छ तब पिसाबबाट निस्कने पानी र फोहोर पदार्थ शरीरमै जम्मा हुन्छ, जसले गर्दा वाकवाक लाग्ने र हातखुट्टा सुनिने स्याँस्याँ हुने, पिसाब फेर्न गाह्रो हुने हुन्छ। त्यसपछि मृगौलाले पूर्ण रुपमा काम गर्न छोड्छ, अनि यसलाई राम्रो बनाउन सकिन्न। यसलाई नै मृगौला रोग भनिन्छ।

प्रत्येक मृगौला सिमीको गेडा आकारको ४ देखि ५ इन्च लामो हुन्छ र त्यसमा लाखौंको संख्यामा नेफोनहरू हुन्छन। जुन एउटा अति नै सानो फिल्टर जस्तै हुन्छ र यो फिल्टरले रगतमा भएको फोहोर पदार्थ र बढी भएको पानी छानेर पिसाबबाट बाहिर पठाउँछ। खानपान, जीवनशैली लगायत विभिन्न कारणले पछिल्लो समय मृगौला रोगीको संख्या ह्वात्तै बढ्दै गएको छ। तर, यसको उपचार खर्च भने धान्नै नसक्ने महँगो छ। उपचार सम्भव हुँदाहुँदै खर्चकै कारण उपचार गराउन नसकेर मृत्युवरण गर्न बाध्य हुनुपर्ने अवस्था देखिएपछि सरकारले उपचारमा सहयोग गरिदिँदा विपन्न परिवारका रोगीमा केही राहतको अनुभव त भएको छ, तर पर्याप्त हुन भने सकेको छैन।

# घाँटी दुख्दा के खाने ?

खासगरी चिसो मौसममा घाँटी दुख्ने र स्वर बस्ने समस्याले सताउने गर्छ। बोल्दा घाँटीमा पीडावोध हुन्छ। बोली नबुझिने हुन्छ। यसबाट जोगिने घरेलु उपायहरू पनि छन्। असुरो, हर्रो, पिपला र बोझोलाई समान मात्रा मिलाइ चुर्ण बनाउने अनि यस चुर्णलाई नियमित महसँग सेवन गरे घाँटी बसेको निको हुन्छ। त्यस्तै, खयरलाई तोरीको तेलमा भिजाएर मुखमा राखिरहने गरे पनि घाँटी दुखेको तथा स्वर बसेको समस्यामा आराम हुन्छ। सानो पिपला र सानो हर्रो दुवै समान मात्रामा मिसाइ चुर्ण सेवन गरेमा पनि स्वरभङ्गको समस्याबाट पार पाइन्छ। अथवा, मिस्री र सुठोलाई मिसाएर महसँग खाने गरेमा पनि आराम हुन्छ। यदि गला बसेको छ भने तातोपानीमा हिङ निल्दाले गला खुल्छ।

# खाली खुट्टा हिंड्दाका फाइदा

आँखा स्वस्थ राख्न कतिपय मानिसले बिहानपख नाङ्गो खुट्टा घाँसमा हिड्ने गरेका छन्। कसैले छाला तेजिलो पार्ने यसो गरेको भन्छन्। विज्ञानको दृष्टिले यस प्रक्रियालाई स्वास्थ्यवर्धक मान्ने आधार पनि छ। प्राकृतिक चिकित्साका प्रवर्द्धकका अनुसार अर्थिङले मानिसको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ जसका लागि हरेक दिन केही समय नाङ्गो खुट्टा हिँड्नु जरुरी छ। विद्युत प्रणालीमा सुरक्षाका लागि अर्थिङ अनिवार्य हुन्छ र यसैले यो शब्दसँग प्रायः मानिस अवगत नै हुन्छन्। तर, स्वास्थ्यमा अर्थिङको महत्व कमै बुझिएको छ। शरीरको विद्युतीय ऊर्जालाई पृथ्वीको विद्युतीय ऊर्जासँग जोडेर पूर्णता दिने प्रक्रिया स्वास्थ्यमा अर्थिङ कहलिन्छ। पृथ्वीको सतहमा नेगेटिव चार्ज आयन हुने भएकाले त्यहाँ अतिरिक्त इलेक्ट्रोन हुन्छन्। ती इलेक्ट्रोनमा पोजेटिव चार्जलाई कम गर्ने क्षमता हुन्छ। हाम्रो शरीरमा खतरनाक फ्रिरेडिकल हुन्छन् जसमा पोजेटिव चार्ज गुण रहेको हुन्छ।

क्यान्सर लगायतका कैयौं खतरनाक रोगको कारक बन्ने फ्रिरेडिकलले पोजेटिव चार्जका कारणले पूर्णता पाउन शरीरमा नेगेटिव चार्ज खोजिरहेका हुन्छन्। नेगेटिव चार्ज पाएमा ती फ्रिरेडिकल निस्तेज भएर शरीरमा रोगको खतरा घटछ। फ्रिरेडिकललाई निस्तेज पार्ने काम शरीरभित्र एन्टिअक्सिडेन्टले गरिरहेको हुन्छ तर अचेलको अस्वस्थ खानपिनले गर्दा हाम्रो खानामा पर्याप्त मात्रामा एन्टिअक्सिडेन्ट हुँदैन। त्यसैले फ्रिरेडिकललाई निस्तेज पार्न अर्थिङ एक राम्रो उपाय हुन्छ। शरीरमा फ्रिरेडिकलको उपस्थितिले इन्क्लामेसन हुने र इन्क्लामेसनसँग ८० वटा भन्दा बढी रोगको सम्बन्ध रहने पाइएको छ। अर्थिङबाट निन्द्रा राम्रो लाग्छ, पीडा कम हुन्छ। प्रतिरक्षा प्रणालीमा सुधार हुन्छ। वेचैनी र तनाव कम हुन्छ। पाचन प्रणालीमा सुधार हुन्छ। मुटु स्वास्थ्य हुन्छ। शरीर ऊर्जावान बन्छ। हर्मन सक्रिय हुन्छ। अर्थिङले विभिन्न समस्याको समाधानको बाटो खुल्ने भएकाले दैनिक आधा घन्टा जति नाङ्गो खुट्टा माटो, बालुवा वा नुनिलो पानीमा हिँड्नु उपयुक्त हुन्छ।

# नेकपाको एकताका लागि आह्वान

काठमाडौं। नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले एक विज्ञप्ति प्रकाशित गरी आफ्नो पार्टीको नामधारी सर्वसत्तावादी शक्तिहरूलाई सर्वोच्चले परास्त गरिदिएको खुसी व्यक्त गर्दै सम्पूर्ण न्यायप्रेमी क्रान्तिकारीहरूलाई एकजुट हुन आह्वान गरेको छ। पार्टी अध्यक्ष ऋषिराम कट्टेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'नेपाली कम्युनिष्ट आन्दोलनको लोकप्रिय पार्टी नेपाल कम्युनिष्ट पार्टीको नामसँग सम्बन्धित पहिचान अतिक्रमण हुनेगरी निर्वाचन आयोगमा जबर्जस्ती रुपमा दर्ता गरिएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को नाम सर्वोच्च अदालतले खारेज गरिदिएको छ। विसर्जनवादमा पतन भएका एमाले र माओवादी केन्द्र मिलेर बनेको पार्टीले कथित शक्तिको उन्मादमा उनीहरू आफैंले बनाएको संविधान र कानुन विपरित निरंकुश सर्वसत्तावाद लाद्न खोजेका थिए। संसदवादी पुँजीवादीमा पतन भएका कथित कम्युनिष्ट नामधारी पार्टीले प्रतिक्रियावादीको कथित दुई दलीय अधिनायकवाद लाद्ने गुरु योजना अन्तर्गत एकतावद्ध गरिएको प्रपञ्च एक हदसम्म यो निर्णयले असफल पारिदिएको छ। यसले समाजमा रहेको वर्गीय लगायतका शोषण र विभेदका विरुद्ध संघर्ष गरिरहेका वर्ग समुदाय तथा राष्ट्रिय स्वाधीनताको पक्षमा उभिएका देशभक्तहरूमा उत्साह थपेको छ। पार्टीको साखमा वृद्धि गरेको छ। नीति, विचार, सिद्धान्त थप प्रचारित हुने मौका पाएको छ। सारमा इमान्दार जनताका असली प्रतिनिधि र पार्टीको विजय भएको छ।

कमरेड पुष्पलालले २००६ सालमा स्थापना गर्नु भएको, २०२५ सालमा पहिलो पुनर्गठन गर्नु भएको र २०६९ सालमा दोस्रो पुनर्गठन गरिएको नेपाल कम्युनिष्ट पार्टी यतिबेला नेपाली कम्युनिष्ट आन्दोलनमाथि यी दुई उग्रवाम, दक्षिणपन्थी अतिवादी कोण र मध्यपन्थी छद्म क्रान्तिकारी अवसरवादबाट पारिएका भ्रमहरूलाई चिर्दै विभाजित कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्दै संयुक्त जनआन्दोलन, जनविद्रोह र बल प्रयोगको समायोजनबाट वर्तमान सामन्ती दलाल नोकरशाही पूँजीवादी राज्यसत्तालाई विस्थापित गरी नयाँ जनवादी गणतन्त्र स्थापना गर्न निरन्तर संघर्ष गरिरहेको छ। यो महाअभियानमा सम्पूर्ण न्यायप्रेमी क्रान्तिकारीहरूलाई एकजुट हुन समेत हार्दिक आह्वान गर्दछौं। यो फैसलासम्मको यात्रामा सहयोग गर्ने सम्माननीय सर्वोच्च अदालत, विद्वान अधिवक्ता डा. डिपि पौडेल र श्री कुमारप्रसाद आचार्य, सल्लाह सुझाव दिनुहुने मित्रहरू, शुभचिन्तक, शुभेच्छुक, रणनीतिक संयुक्त मोर्चाका घटक दलहरू तथा आमजनतासम्म सूचना पुऱ्याउन सहयोग गर्ने आम सञ्चारजगत् लगायत सबैन्यायप्रेमी जनसमुदायमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।'

नियात्रा

# ग्रीन सिक्किम, क्लिन सिक्किम, ब्युटी सिक्किम-२

✍ - रामप्रसाद पन्त

ठीक एघार बजे हामी सिक्किम साहित्य परिषद्को कार्यालयमा पुग्यौं तर संस्थाका सचिव नीलम न्यौपानेले माइक खोले आधा घण्टापछि। उनले सङ्क्षेपमा संस्थाको परिचय दिए– 'सन् १९८१ मा स्थापित सिक्किम साहित्य परिषद् सिक्किम राज्यकै उत्कृष्ट साहित्यिक संस्था हो र यस संस्थाबाट बर्सेनी भानु पुरस्कार, मित्रसेन स्मृति पुरस्कार, कृष्ण सुब्बा पुरस्कार र उत्कृष्ट विद्यार्थी पुरस्कार दिने परम्परा कायम राखेको छ।'

सिक्किम विश्वविद्यालयका प्राध्यापक रुद्र पौडेल सभापति, महेन्द्र गुरुङ प्रमुख अतिथि रहेको त्यस कार्यक्रममा कविता लामा, देप्या तामाङ, चक्रपाणि भट्टराई, एनएल कपिल, तेजमान बराइली, टिपी चन्द्र सुब्बा, रुपेश, नवीन लामिछाने, चेतराम घिमिरे, विनाश्री खरेल, दीपा राई, जेएन शर्मा, रबि पौडेल, विना सुब्बा, शिव दर्नाल, सुखिम तिमल्सिना, शेरबहादुर कार्की, प्रवीण खालिङ, राजु गिरी, टीका ढुङ्गेल, अमर नासिक, अर्जुन बेहोसी, ललिता दोषी, ठाकुर शर्मा, यादव भट्टराई, सीताराम गुरुङ, लक्ष्मी उप्रेती, जलेश्वरी श्रेष्ठ, तुलसीहरि कोइराला, विमल वैद्य र रामप्रसाद पन्तबाट कविता वाचन भएपछि गान्तोक भन्दा दुई घण्टा दूरीको नाम्चीमा बसोबास गर्ने सिक्किमेली प्रसिद्ध साहित्यकार तथा स्रष्टा, कञ्चनजङ्घा र निर्माण पत्रिकाका सम्पादक पद्मश्री पुरस्कार विजेता केदार गुरुङलाई सम्मान अर्पण गरियो र सिक्किम साहित्य परिषद्लाई प्रशंसापत्र प्रदान गरियो।

त्यसपछि दुर्गा दाहालबाट 'नेपाली साहित्यको विकासक्रम : नेपाल भित्र र बाहिर' र सिक्किम साहित्य परिषद्का अध्यक्ष पशुपति दङ्गालबाट 'नेपाली साहित्यको विकासक्रम' नामक दुई कार्यपत्रहरू प्रस्तुत भएपछि बनिताको सिक्किम विशेषाङ्क विमोचन भयो। मातृका पोखेल, रोचक घिमिरे र महेन्द्र गुरुङको सङ्क्षिप्त मन्तव्यपछि मायाको चिनो लगायत दायित्व, रचना, वनिता र मधुपर्कका प्रकाशनहरू अर्पण गर्ने काम भयो।

अन्त्यमा सभापति पौडेलले अगमसिं गिरीको कवितालाई उद्धृत गर्दै बडो भावमुग्ध भएर नेपाली भाषासाहित्यले स्थापित गरेको सौहार्द्र सम्बन्धको बारेमा विद्वतापूर्ण मन्तव्य दिए –

'काँडाको बीच पहाडी फूल, कहाँ छैन र हाँसेको ?

अर्थात् जहाँ हृदय बोल्छ, त्यहाँ राजनीतिक सीमा रहँदैन। त्यस्तो धार्मिक, भाषिक र सांस्कृतिक सिमाना भलै चीनसँग नमिल्ला, हामीसँग मिल्छ। हाम्रो माटो फरक छ, तर गन्ध एउटै छ। हाम्रो मुटु फरक छ तर धड्कन एउटै छ। काठमाडौंको भन्दा कम जनसङ्ख्या भएको सानो सिक्किम हात्तीको आँखाजस्तै हो। वसुदैव कुटुम्बकम् भन्ने वैदिक संस्कारले सीमा वारिपारिका हामी सबै नेपालीभाषीलाई एकै ठाउँमा समेटेको छ। हाम्रो संस्कृति इन्डियन संस्कृति होइन, भारतीय संस्कृति हो। इन्डिया, पाकिस्तान, अफगानिस्तान, बङ्गलादेश, भुटान र नेपाल सबैको संयुक्त रुप हो– भारतीय संस्कृति। भाषा-साहित्यका सेवक हौं हामी। भाषा-साहित्यको सेवा गर्दा हामीलाई दुःख पनि सुखमा परिणत हुने गर्छ। हनुमानले जस्तो छाती चिरेर राम र सीता देखाउन त सक्तैनौं तर हाम्रो हृदयमा तपाईंहरू हुनुहुन्छ, नेपाली भाषा र संस्कृति छ। त्यो तपाईंहरूसँग साटासाट गर्न सक्छौं। माया र प्रेम जति पनि दिन सक्छौं। इन्जिनियरले बनाएको पुल भत्कन सक्छ तर नेपाली भाषा र संस्कृतिसँग जोडिएको हाम्रो हृदयको पुल भत्किन सक्तैन। हामीलाई गर्व छ, नेपाली जाति चोरेर, ठगेर, वेइमानी गरेर खाँदैन। परिश्रम गरेर खान्छ।'

हामीले ताली ठोकेर प्रशंसा गऱ्यौं, रुद्र पौडेलको मन्तव्यलाई।

३:३० मा कार्यक्रम सकियो।

इच्छाशक्ति भएको भए कार्यक्रमपछि पनि कुनै पर्यटकीय स्थलमा पुग्न सकिन्थ्यो तर नयाँ ठाउँ हेरेर, नयाँ नयाँ अनुभूतिहरू सँगाल्ने चाहना नै नभएपछि मेरो इच्छाले मात्र काम गरेन। म निरीह थिएँ, म बोल्न सक्तिनँ थिएँ। प्रतिवाद गर्ने मसँग कुनै आधार थिएन। मेरो भावनाप्रति भावुक बन्ने मानिसको अनिकाल थियो। सिक्किमेलीहरू सोच्दा हुन् आफूजस्तै सबै देखेको, सबै बुझेको।

गान्तोकमाथिको उच्च घाँटी हनुमान टक जाने योजना पनि तुहिएपछि म अत्यन्त आहत मुडमा खुम्रिएको थिएँ। त्यही व्यथित मन बहलाउन रोचक घिमिरे, ठाकुर शर्मा र म 'एमजी रोड'ले प्रख्यात महात्मा गान्धी रोडतिर लागेका थियौं।

करिब पाँच सय मिटर लम्बाइ भएको फराकिलो त्यो रोड हाम्रो दरबारमार्ग वा नयाँसडक भन्दा कम थिएन सौन्दर्यको दृष्टिले अझ एक कदम अगाडि थियो। बेलुका प्रज्ज्वलित रङ्गिचङ्गी बत्तीहरूले पूरै रोड झल्झलाकार भएको थियो। कतै गान्धीका मूर्ति र कतै रोडको मध्यभागमा ठडिएका रुखहरूले बेञ्चमा बसी सुस्ताउनेहरूका लागि आह्लादकारी सिद्ध भएको थियो। गान्तोक मुख्य बजारको त्यो एमजी रोडले साँच्चिकै हामीलाई अघाउने गरी आनन्द दिएको थियो। तर सिक्किमबाट ल्याएको झल्को दिने 'सिक्किम' लेखिएको मायाको चिनो खोज्न दर्जनौं पसल चहार्दा पनि हामीले त्यस्तो बस्तु भेटाएनौं।




सिक्किमेली साहित्यकारहरूको तर्फबाट हाम्रो आतिथ्यमा बेलुका रसपानको आयोजना गरिएको थियो। त्यसबेला गफिएका थियौं हामी मज्जैले र बीचबीचमा मैले सिक्किमका विभिन्न दर्शनीय र पर्यटकीय स्थलहरूबारे जिज्ञासा राख्ने मौका पाएको थिएँ –

देउरालीदेखि सचिवालयसम्मको करिब डेढ किलोमिटर केवुलकार, टासी भ्यु प्वाइन्टबाट देखिने कन्चनजङ्घाको सुन्दर दृश्य, हिमालयन जुलेजिकल पार्क, चोग्याल मेमोरियल पार्क, वनझाँक्री तथा इनर्जी पार्क, हनुमान टकबाट देखिने दूरस्थ चाइनाको भूमि, रुम्तेकको धर्मचक्र सेन्टर, सोम्गो लेकहरू, गान्तोक परिसरका दर्शनीय स्थलहरू रहेछन्।

सिक्किम पार्वत्य प्रदेश भएकोले सिक्किम राज्यमै रेल यातायात रहेनछ। सिक्किमको लागि नजिकको रेलवे स्टेशन भनेको दार्जिलिङको घुमपहाड रहेछ तर त्यो रेल यातायात सेवाको लागि भन्दा पनि सांस्कृतिक सम्पदाको रुपमा परिचालित भएको हुनाले रेल सुविधा उपभोग गर्न चाहने सिक्किमेलीहरू सिधै सिलगढी पुग्दा रहेछन्।

खासगरी पूर्व, पश्चिम र उत्तर, दक्षिण गरी चार जिल्लामा विभाजन गरिएको सिक्किमको पूर्वी मुख्यालय गान्तोक, पश्चिमी मुख्यालय गेजिङ, उत्तरी मुख्यालय मगन र दक्षिणी मुख्यालय नाम्ची रहेछन्। भारतको दोस्रो सानो तथा बाइसौं राज्य सिक्किम सन् १९७५ मा भारतमा गाभिनुअघि सिक्किम राज्यका अन्तिम राजा पाल्देन योन्डुप नाम्ग्याल र अन्तिम प्रधानमन्त्री लेन्डुप दोर्जी थिए रे !

(क्रमशः)

# भारतीय किसानहरूको क्याम्प सडकमै



विष्णु भट्टराई

भारतको राजधानी नयाँदिल्लीको मुख्य सडकमै मान्छेहरू वासिङमेसिनमा कपडा धोइरहेका छन् । त्यसकै छेउमा अस्थायी रूपमा उनीहरू बस्ने टेन्ट लगाइएको छ । तीन महिनाअघिसम्म पनि ६ लेनको यो राजमार्ग सर्वसाधारण र सामान भित्र्याउने ठूला ट्रकले निकै व्यस्त हुने गर्थ्यो । तर, अहिले यो सडकको झन्डै दुई किलोमिटरसम्मको दूरी किसानहरूले ओगटेका छन् ।



यो दूरीमा किसानले बस्ने टेन्टदेखि आवश्यक सामग्रीको स्टोर, मेडिकल डिपार्टमेन्ट, लाइब्रेरीलगायत खडा गरेका छन् ।

उक्त क्षेत्र अहिले रंगीन देखिन्छ । सडकैभरि विभिन्न रङका टेन्टहरू खडा गरिएका छन्, जुन पछिल्लो केही महिनादेखि हजारौँ किसानका लागि घर बनेको छ । भारतीय किसानहरू गत सेप्टेम्बरदेखि नै आन्दोलित छन् । सरकारले पास गरेको कृषिसम्बन्धी तीनवटा विधेयकको विरोधमा उनीहरू आन्दोलित भएका हुन् । उनीहरू पछिल्लो समय राजधानी दिल्लीकेन्द्रित आन्दोलनमा छन् ।

दिल्ली र छिमेकी उत्तर प्रदेशको सीमा क्षेत्रमा पर्ने गाजीपुरको यो क्याम्प आन्दोलित किसानहरूले राजधानीवरिपरि खडा गरेका यस्ता तीनमध्येको एक क्याम्प हो । यो क्याम्पमा रहेकामध्ये धेरै उत्तर प्रदेशबाट आएका किसान छन् । अरू दुई क्याम्पमा हरियाणा र पन्जाबबाट आएका किसान छन् ।

जहाँबाट आएका भए पनि आन्दोलनरत सबै किसानको उद्देश्य एउटै छ, सरकारले पास गरेको कृषिसम्बन्धी तीनवटा कानुन खारेज गराउने । नयाँ



कानुनले आफूहरूको कमाइमा असर पार्ने र जीविका नै ध्वस्त हुने उनीहरूको तर्क छ । यद्यपि, सरकारले भने देशको कृषि क्षेत्रलाई आधुनिकीकरण गर्न नयाँ कानुन आवश्यक परेको जनाएको छ । यही कारण भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१४ मा जिम्मेवारी सुरु गरेदेखि यताकै ठूलो आन्दोलन सुरु भएको छ ।

गाजीपुरको क्याम्पमा मात्रै १० हजारको हाराहारीमा किसान छन् । त्यसमध्ये धेरैजसो पुरुष छन् । पुरुषमा युवाजत्तिकै संख्यामा वृद्धहरू पनि छन् । क्याम्प लिडरका अनुसार त्यहाँ बस्नेहरूको संख्या हरेक दिन घटबढ भइरहन्छ । किनभने, किसानहरू समय मिलाएर घर र क्याम्प धाइरहेका हुन्छन् । घरमा काम गर्ने पर्याप्त सदस्य भएका केही व्यक्ति भने लामो समयदेखि क्याम्पमै रहँदै आएका छन् ।

आन्दोलन लम्बिँदै जाँदा किसानहरूले कठिनाइको सामना गर्नुपरेको छ । चिसो मौसम बढ्दै छ, प्रहरीसँग नियमितजस्तै झडप हुन थालेको छ भने सरकारले उनीहरू रहेको क्षेत्रमा इन्टरनेट सेवासमेत बन्द गरिदिएको छ । कठिनाइका बाबजुद किसानहरू सरकारले कानुन खारेज नगरेसम्म आन्दोलन जारी रहने बताउँदै आएका छन् ।

गाजीपुरमा किसानहरूको क्याम्पबाट एक खालको गुञ्जन निस्किरहेकै हुन्छ । राम्रोसँग तेल लगाएको मेसिनबाट निस्कने आवाजजस्तो । राति सुत्न चाहने किसानहरू सडकमै बिछ्याइएको चम्किला रंगीन टेन्टभित्र पुग्छन् । कति किसान ट्र्याक्टर, भ्यान वा ट्रकभित्र म्याट्रेस लगाएर सुतिरहेका हुन्छन् । सडकैभरि किसानका त्यस्ता सयौँ सवारीसाधन देखिन्छन् । दिनमा उनीहरू सबैजना क्याम्प सञ्चालन गर्नका लागि सहयोग गर्छन् । किसानहरूका लागि आवश्यक सबै कुराको व्यवस्था गरिएको छ । पोर्टेबल ट्वाइलेटको व्यवस्था छ, यद्यपि त्यसले वरिपरि फैलाएको दुर्गन्धको समस्या बेग्लै छ ।

उनीहरूका लागि अरू कसैले सहयोगस्वरूप दिएका स्याम्पु, टिस्यु पेपरलगायत आवश्यक सामान पनि उपलब्ध छ । नजिकैको नगरबाट पानी ल्याइएको छ । बिज्नोर, उत्तर प्रदेशबाट आएका २६ वर्षीय किसान जगजित सिंह आफ्नो ट्र्याक्टर प्रयोग गरी क्याम्पमा दैनिक पानी ल्याउने काम गर्छन् । उनी एकपटकमा चार हजार लिटर पानी ल्याउँछन् । उनी दिनमै १० देखि १२ पटक क्याम्पमा यसरी पानी ल्याउने गर्छन्, जुन खान, नुहाउन र कपडा धुनका लागि प्रयोग गरिन्छ ।

किसानहरूका लागि त्यहीँ दैनिक खानेकुरा पाक्छ । आन्दोलनमा सहभागी सबैलाई सित्तैमा खानेकुरा बाँडिन्छ । हरियो रङको मेडिकल ग्लोब्स लगाएका एकजना किसान पकोडा बनाइरहेका छन् । उनी पकोडा तयार भएपछि अरू किसान साथीहरूका लागि पनि लिएर निस्कन्छन्, जो सामान्य कपडामै पनि दिल्लीको चिसोको परवाह नगरी आन्दोलनमा होमिएका छन् । ३६ वर्षीय अर्का किसान कुलदीप सिंह किचेनमा किसानहरूका लागि खाना पकाउन सहयोग गरिरहेका छन् । उनी यो क्याम्पमा ६० दिनअघि आएका थिए । अरू धेरै किसानको परिवारमा जस्तै उनको परिवारले पनि घरको काम भ्याएर उनलाई आन्दोलनमा पठाएको हो । 'घरमा हुनु वा क्याम्पमा हुनु मेरा लागि उत्तिकै महत्वपूर्ण कुरा हो,' उनी भन्छन् ।

एकजना स्वयंसेवी २० वर्षीया हिमांशी राना पनि पछिल्लो दुई महिनादेखि यही क्याम्पमा किसानहरूका लागि मेडिकल सेन्टर सञ्चालन गर्दै आइरहेकी छन् । उनी बिरामी परेका किसानको उपचार गर्छिन् । प्रहरीसँगको झडपमा घाइते भएका किसानको उपचारमा खटिन्छिन् ।

किसानहरूले गत २६ जनवरीमा सरकारविरुद्ध ठूलो आन्दोलन गरेका थिए । उक्त दिन ठूलो संख्यामा किसानहरू सहभागी भएका थिए । उक्त झडपमा एकजनाको मृत्यु पनि भएको थियो । धेरै घाइते भएका थिए । हिमांशीले घाइतेहरूको उपचारमा ठूलो मद्दत गरिन् । 'मेरो पिता पनि किसान नै हुनुहुन्छ । म किसानकी छोरी हुँ । त्यसैले पनि म यहाँ हुनैपर्छ,' उनी भन्छिन्, 'हामी यहाँ किसानहरूको सहयोगका लागि आएका हौँ । सरकारले किसानको मागमा सुनुवाइ नगरेसम्म हामी यहीँ बस्छौँ ।' एउटा अनौठो कुराचाहिँ किसानहरूले फेसमास्कको माग गरिरहेका छैनन् । भारतमा संक्रमितको संख्या बढिरहे पनि गाजीपुर क्याम्पमा रहेका कुनै पनि किसानले मास्क प्रयोग गरेका छैनन् ।

उनीहरू कोरोना भाइरसबाट चिन्तित नरहेको बताउँछन् । हिमांशीका अनुसार किसानहरू नियमित शारीरिक व्यायाम गर्ने भएका कारण उनीहरूसँग कोरोना भाइरससँग लड्ने बलियो प्रतिरोधी क्षमता भएको विश्वास गर्छन् ।

क्याम्पभित्रको माहोल एकदमै आनन्ददायी छ । क्याम्पको वातावरण आन्दोलनभन्दा पनि कुनै चाडपर्वको जस्तै देखिन्छ । क्याम्प आफैँमा एउटा आन्दोलन बनेको छ । किसानहरूले आफ्नो बस्ती सुरु गरेर सकडमै अवरोध गरेका छन्, जसबाट उनीहरूले आन्दोलनको कारण अरूलाई सुनाउन



सकेका छन् । उनीहरू यहीँबाट आन्दोलनका कार्यक्रम सञ्चालन गर्दै आइरहेका छन् ।

आन्दोलन नभएको समय भने धेरैका लागि खाली हुन्छ । मान्छेहरू हुक्का तान्दै बसिरहेका हुन्छन् । कोही तास खेल्दै गरेका भेटिन्छन् । दर्जनभन्दा बढी मान्छे ट्याक्टरमै बसिरहेका हुन्छन् । ट्र्याक्टरमै आन्दोलनलाई सहयोगी हुने गीत बजाएर रमाइलो गरिरहेका हुन्छन् । रमाइलो कुरा त्यहाँ युवाहरूका लागि लाइब्रेरीको व्यवस्था पनि गरिएको छ, जहाँ आन्दोलनका बारेमा लेखिएका धेरै भाषाका किताबहरू उपलब्ध छन् । समय-समयमा किसानहरू नारा लगाइरहेका हुन्छन् । उनीहरूको आवाजमा सुनिन्छ, 'सरकारले हाम्रो माग पूरा नगरेसम्म हामी यहीँ रहन्छौँ ।'

क्याम्पमा किसानबाहेक अरू पनि भेला हुन्छन् । केही सामान बेच्न खोजिरहेका सानासाना नानीहरू क्याम्पमा चियाउँदै गरेको देखिन्छन् । नजिकैको गाउँबाट आएका व्यापारीहरू पनि त्यहीँ देखिन्छन् । उनीहरूभन्दा बाहेक हेर्न आउने अरू मान्छे पनि प्रशस्तै भेटिन्छन् । तर, निकै थोरैले मात्रै उनीहरू त्यहाँ हुनुको कारण बुझ्छन् । किसानहरूका लागि यो जीवन र मृत्युको कुरा हो । उनीहरू भन्छन्, 'बजारलाई धेरै स्वतन्त्रता दिने गरी ल्याइएको तीनवटा कानुनले किसानको अधिकार कुण्ठित गर्छ । यसले गर्दा अघिल्लो कानुनमा सरकारले नै निश्चित गरिदिएको मूल्य पाउन पनि मुस्किल हुन्छ ।'

जब क्याम्पभित्रको माहोल शान्त देखिन्छ, तब थाहा हुन्छ कि किसानहरूको आन्दोलनलाई सबैले समर्थन गर्दैनन् । उनीहरूको क्याम्पनजिकै सरकारले सडकमै ठूला-ठूला 'ब्रेकर'हरू लगाएको छ । उनीहरू त्यहाँबाट अघि नसरून् भन्ने उद्देश्यले ब्रेकर लगाइएको हो । क्याम्पनजिकै सुरक्षाकर्मीहरू चौबीसै घन्टा तैनाथ छन् । क्याम्पलाई अघि बढ्न नदिए पनि उनीहरूलाई त्यहाँबाट हटाउने प्रयास भने सरकारले गरेको छैन । किसानहरू त्यस्ता ब्रेकरले आफूहरूलाई आफ्नै देशभित्र पराइजस्तो



महसुस गराएको बताउँछन् । 'सरकारले हामीलाई सिमानापारि बसिरहेको चिनियाँजस्तै गरी व्यवहार गरिरहेको छ,' कुलदीप भन्छन् ।

आन्दोलन सुरु भएको महिनौँ बितिसकेको छ । समय बितेसँगै किसानका लागि पनि आन्दोलन कठिन बन्दै गइरहेको छ । रातको समय चिसो बढेर माइनस १० डिग्रीसम्म पुग्छ । गत साता आन्दोलनकै क्रममा



प्रहरीसँग भएको झडपपछि सरकारले दिल्लीसँगको धेरै सीमा क्षेत्रको इन्टरनेट सेवा बन्द गरिदिएको छ ।

भारतय सरकार पछिल्लो समय किसानहरूको विरुद्धमा कृषि कानुन ल्याएर मात्रै हैन, आन्दोलनमा रहेका किसानमाथि गरेको व्यवहारका कारण पनि आलोचनामा परेको देखिएको छ । गत जनवरीको अन्त्यमा भारतको मुख्य प्रतिपक्ष दल कंग्रेस र अरू १५ वटा पार्टीले सरकारले किसानहरूमाथि गरेको व्यवहारको विरोध गरेका थिए । उनीहरूले प्रधानमन्त्री मोदी र उनको दल भारतीय जनता पार्टीले किसानप्रति दम्भ देखाएको, कठोर बनेको र अप्रजातान्त्रिक व्यवहार प्रदर्शन गरेको आरोप लगाएका छन् ।

'हजारौँ किसान यो जाडो र भारी वर्षालाई पनि बेवास्ता गर्दै आन्दोलनमा होमिएका छन्,' उनीहरूले संयुक्त वक्तव्यमा भनेका छन्, 'यद्यपि, उनीहरूको यो दुःखले सरकारलाई छुन सकेको छैन । त्यसको सट्टा सरकारले उनीहरूमाथि पानीका फोहोरा, टियर ग्यास र लाठी चार्ज गरेको छ ।' किसानहरूको छाता संगठन संयुक्त किसान मोर्चाका अनुसार आन्दोलन सुरु भएयता आत्महत्या, सडक दुर्घटना, चिसो मौसमलगायत कारणले एक सय ४७ किसानको मृत्यु भइसकेको छ । यद्यपि, सरकारी पक्षले यसको कुनै तथ्यांक दिएको छैन ।

विश्वकै ठूलो प्रजातन्त्र मानिएको भारतमा विरोध सामान्यजस्तै हो । ठूलो आन्दोलनले भारतको राजधानी दिल्लीलाई यसरी हल्लाएको यो पहिलोपटक पनि होइन । सन् २०१९ मा भारतले एउटा कानुन पास गरेको थियो, जसले तीन छिमेकी देशबाट भारतमा बसाइँ सरी आउनेलाई नागरिकता दिने अनुमति दिएको थियो । तर, त्यसमा एउटा बुँदा थियो, बसाइँ सर्ने व्यक्ति मुस्लिम हुनु हुनेछैन ।

यस विषयमा पनि आन्दोलन भयो । तर, किसानहरूको आन्दोलन अझ बृहत् र महत्वपूर्ण बन्यो । किनभने, कृषि भारतको १.३ बिलियन जनसंख्यामध्ये ५८ प्रतिशतको जीवन धान्ने माध्यम हो । कृषकहरू भारतमा ठूला मतदाता पनि हुन् । सरकारको यो व्यवहारले आगामी सन् २०२४ मा हुने आमनिर्वाचनमा प्रधानमन्त्री मोदीले किसानको ठूलो मत गुमाउन सक्ने अनुमान गरिएको छ ।

प्रधानमन्त्री मोदी र उनको सरकारले भने आफूहरूले किसानलाई सहयोग गरिरहेको दाबी गर्दै आइरहेका छन् । उनीहरूले नयाँ कानुनले भारतीय कृषि क्षेत्रलाई पूर्ण रूपमा रूपान्तरण गर्ने तर्क गरेका छन् । यद्यपि, प्रधानमन्त्री मोदीले कोरोना भाइरस महामारीकै समयमा किसानहरूको विरुद्धमा हुने गरी कृषि कानुन किन ल्याए भन्नेबारेमा स्पष्टीकरण दिन सकेका छैनन् । यही कारण भारतको अर्थतन्त्रमा नकारात्मक असर परेको देखिएको छ ।

किसानहरूले खडा गरेका क्याम्पका कारण वरिपरिका सर्वसाधारणलाई पनि मुस्किल हुने गरेको छ । दिल्लीतर्फ खाद्यान्न ल्याउने सवारीसाधन छिर्न पाएका छैनन् । उक्त बाटो प्रयोग गर्ने सर्वसाधारणलाई अहिले अर्कै बाटो प्रयोग गर्नुपरेको छ । त्यसले गर्दा उनीहरूको दोब्बर समय खर्च हुने गरेको छ ।

किसानहरूको आन्दोलनको विषयमा धेरै चरणमा वार्ता पनि भएका छन् । यद्यपि, अहिलेसम्म कुनै पनि वार्ता फलदायी देखिएको छैन । गत महिना मात्रै सर्वोच्च अदालतले तीनवटै कानुनलाई तत्काल लागू नगर्न आदेश दिएको छ । यस्तै, सरकार र किसानबीचमा वार्ताका लागि सहजीकरण गर्न चार सदस्यीय समिति गठन गर्न पनि निर्देशन दिएको छ । किसानहरूले भने अदालतले नियुक्त गरेको सहजीकरण समितिलाई नमान्ने अडान राखेका छन् ।

गत महिना सरकारले पनि आगामी डेढ वर्षसम्म यी कानुन लागू नगर्ने प्रस्ताव गरेको थियो । तर, किसानहरूले यी कानुन पूर्ण रूपमा खारेज गरिनुपर्ने माग राखेका छन् । महिनौँदेखि क्याम्पमै रहेर आन्दोलनमा सहभागी २५ वर्षीय किसान सन्जित बलियान आफूहरू कुनै पनि अवस्थामा पछि नहट्ने बताउँछन् । 'हामीले मोदी सरकारका लागि धेरै गरेका छौँ । हामीले पछिल्लो सात वर्षदेखि मोदी सरकारलाई केही भनेका छैनौँ । उनीहरूको विरोध पनि गरेका छैनौँ,' उनी भन्छन्, 'अब केही प्राप्त गर्ने समय आएको छ । यो समय हामी केही छाड्नेवाला छैनौँ । हामी पछि हड्नेवाला छैनौँ ।'

*एजेन्सीको सहयोगमा*

प्रेरक

## सत्कार र तिरस्कार



एक कुशल मूर्तिकार लामो यात्रामा थिए। यात्राका क्रममा लागेको थकाइ मेट्न उनी एक वृक्षको छहारीमा बसे। नजिकै एउटा ढुंगो थियो। मूर्तिकारले त्यसलाई देखे। उनी आफ्नो झोलाबाट छिनो र हथौडा निकालेर ढुंगोमाथि चलाउन लागे। जब उनले ढुंगामाथि पहिलो प्रहार गरे, तब अचानक ढुंगा चिच्याउन थाल्यो- ऐया बाबा मरेँ! ममाथि प्रहार नगर्नुहोस्। ढुंगाको रोदन सुनेर उनमा दया पलायो। त्यो ढुंगालाई त्यसै छाडेर उनी अर्को ढुंगोमा आफ्नो कला पोख्न थाले।

मूर्तिकार बडो तन्मयतासाथ हथौडा र छिनो चलाइरहे। दोस्रो ढुंगाले सब प्रहार सहिरह्यो। एकैछिनमा एउटा कुरूप ढुंगाको स्थानमा तत्कालै बोलिहाल्छिन् कि जस्तो लाग्ने देवीको मूर्ति तयार भयो। मूर्तिलाई रूखको फेदमा राखेर उनी आफ्नो बाटो लागे। केही वर्षपछि तिनै मूर्तिकार फेरि त्यही बाटो हुँदै कतै जाँदै थिए। उनी पछिल्लोपटक विश्राम गरेको रूखको फेदमा पुगे। त्यहाँ उनले बनाएर छाडेको मूर्तिको पूजा अर्चना भइरहेको थियो।

भक्तजनको भिड ठूलै थियो। मूर्तिको भजन, आरति भइरहेको थियो। उनी पनि लाममा उभिए। उनको दर्शनको पालो आयो। यसो हेर्दा आफूले बनाएको मूर्तिको निकै सत्कार भइरहेको उनले देखे। मूर्तिको छेवैमा उनले मूर्ति बनाउन पहिलोपल्ट छिनो चलाउँदा रुने ढुंगालाई पनि राखिएको रहेछ। भक्तजनहरू उसको शिरमा नरिवल फुटाएर मूर्तिमा त्यसको जल चढाइरहेका थिए।

मूर्तिकारले मनमनै सोचे- जीवनमा केही पाउनका लागि आफ्नो शिल्पकार चिनेर उनको सत्कार गरी केही कष्ट झेल्नैपर्ने रहेछ। जीवनमा जो डराएर भाग्न तयार हुन्छ, उसले जिन्दगीभरि कष्ट झेलिरहनुपर्दो रहेछ। त्यसको कसैले सम्मान गर्दा रहेनछन्।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। नोकरी तथा व्यवसायमा विशेष फाइदा होला। रुचिका विषयमा लगानी बढाउन सकिनेछ।

### वृष

अस्वस्थताले काममा जुट्न नसकिएला। जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुहोला। आशा देखाउनेहरूबाट धोका हुन सक्छ। आफ्ना कमजोरीको फाइदा अरूले उठाउनेछन्। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्दा मिहिनेतको फल प्राप्त हुनेछ। फाइदा नहुने काममा जुट्नुपरे पनि सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ। अरुसँग बोल्दा विचार पुर्‍याएर बोल्नुपर्नेछ।

### मिथुन

आफ्ना सूचना बाहिरिनाले समस्या पर्न सक्छ। कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ। सामान्य काममा धन र श्रम खर्चनुपर्ला। पहिले बिग्रिएको काममा दोहोर्याएर प्रयत्न गर्दा फाइदा उठाउन सकिनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्‍याउनुहोला। समस्याप्रति गम्भीर नबन्दा अवसर गुम्न सक्छ। हिम्मत गरेर काम गरे ठूलठूला आँटेको काम पूरा हुनेछन्।

### कर्कट

धेरैको मन लोभ्याउने प्रगति हासिल हुनेछ। व्यापारमा लाभ लिने समय छ। विभिन्न भौतिक साधन प्राप्त हुनेछन्। धन तथा ज्ञानको भण्डार बढ्नेछ। मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ। प्रियजनसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त होला।

### सिंह

स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। चुनौती पन्छाएर काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। पुरुषार्थले समाजमा स्थापित बनाउन सक्छ। रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ। ईर्ष्या गर्नेहरूले हार खानेछन्। व्यापारलगायत आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ।

### कन्या

कामको मेसो नमिल्दा योजना अधुरै रहनेछ। हल्लाको पछि लाग्दा व्यर्थैमा दुःख पाइनेछ। आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान्। स्वास्थ्य-चिन्ताले सताउन सक्छ। अध्ययनमा कमजोरी अनुभूति हुनेछ भने अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। परिस्थितिवश आँटेको काम रोकिन सक्छ। नयाँ काम प्रारम्भ गर्न समय प्रतीक्षा गर्नुहोला।

### तुला

अहिलेको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ। बेसुरमा बोल्ने बानीले दुःख पाइनेछ। विशेष योजना सार्वजनिक नगर्नुहोला। काम बिग्रने डरले सताउनेछ। साझेदारीमा समस्या आउनाले पहिलेको सम्झौता भंग हुन सक्छ। अरूको फाइदाका लागि उपयोग भइएला। पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ। साथीभाइको सहयोगले काम बनाउन सकिनेछ। सानोतिनो चिन्ताले सताइरहनेछ।

### वृश्चिक

छोटो समयमा उपलब्धि हातलागी हुनेछ। स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। मिहिनेतले दैनिकीमा परिवर्तन ल्याउन सकिनेछ। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ। नौलो प्रकृतिको काम शुभारम्भ गर्ने मौका छ। नयाँ कामको अवसर मिल्नेछ।

### धनु

आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुमाउनुपर्ला। बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ। स्थायी सम्पत्तिमा विवाद आउन सक्छ। मिहिनेत गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ। ईर्ष्या गर्नेहरूले सताउलान्। पहिलेकै काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ। अध्ययनमा समय दिन नसकिएला।

### मकर

विभिन्न अवसर आए पनि हठात् निर्णय गर्दा समस्या देखिन सक्छ। स्वास्थ्यका लागि खानपानमा सचेत रहनुपर्ने बेला छ। भेटघाटमा अलमलिनाले काममा बाधा पुग्नेछ। आश्वासन दिनेहरूले झुक्याउन सक्छन्। रमाइलो जमघटको आनन्द लिनबाट वञ्चित भइएला। मौकाको फाइदा उठाउन नसकिएला। आफ्ना कमजोरी सार्वजनिक हुन सक्छन्।

### कुम्भ

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला। समय दिन नसक्दा काम बिग्रन सक्छ। लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ। आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन्। शुभचिन्तकहरू समेत टाढा हुनेछन्। धेरै लगानीपछि कममात्र फाइदा हुनेछ।

### मीन

मिहिनेत गर्दा नयाँ काम फेला पर्नेछ। कृषि, पशुपालनमा आदिमा फाइदा हुने समय छ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ। आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ। कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ। केही रकम भने अरूका लागि खर्चनुपर्ने हुन सक्छ। सानोतिनो दुर्घटना हु सक्छ। हिँड्दा विचार गरेर हिँड्नुपर्ला।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Unsavory = वेस्वादको, असंवेदनशील, अमिल्दो, I do not like the unsavory mixture of curry and stale rice ( तरकारी संग मिसाइएको वेस्वादको वासी भात मलाइ मन पर्दैन)

Vouchsafe = ग्यारेन्टी गर्नु I can vouchsafe you a good return on your investment (तिम्रो लगानीको राम्रो प्रतिफल आउछ भन्नेकुराको म ग्यारेन्टी गर्न सक्तछु)

Wrangle = झगडा गर्नु After the death of the father all the sons started wrangling over the inheritence (वावुको मृत्यु पछि सबै छोराहरू अंशको कुरालाई एक अर्कासंग झगडा गर्न थाले )

Approbation = अनुमती Awaiting the approbation of the court, he had to pass three weeks in district headquarter (अदालतको अनुमतीको प्रतिक्षामा उस्ले जिल्ला सदरमुकाममा तीन हप्ता विताउनु पर्‍यो )

Brocade = वुट्टा भएको कपडा The sofa was covered with expensive brocade fabric (सोफा वुट्टा भएको महंगो कपडाले छोपिएको थियो )

Conundrum = कठीन कार्य वा समस्या She invented conundrum to entertain her child during the long drive (लामो दुरीको हकाइमा आफ्नो वच्चाले मनोरंजन गरोस भनेर आफ्नो वच्चालाई उन्ले छिटै मिलाउन नसक्ने (कठीन) कार्य दिइन)

Disjointed = सिलसिला नमिलेको His lecture was so disjointed that no one understood it (उस्को लेक्चर यस्तो सिलसिला नमिलेको थियो की कसैले त्यो वुझ्न सकेनन)

Exude = निकाल्नु Some trees exude sap during certain season (केही रुखहरूले आफ्नो शरिरबाट निश्चित ऋतुमा झोल पदार्थ वाहिर निकाल्छन)

Fructify = फल दिनु The tree fructify within three years (यो रुखले तीन वर्षमानै फल दिन्छ )

Guile= ठगी, अरुको नक्कल गरी चोर्नु, धुर्त He has made big property only by guile (ठगीबाटै उस्ले ठूलो संपत्ती आर्जन गरेको छ )

## Write बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Write something out = लेखी सिध्याउनु He will write the report out by the end of the week हप्ताको अन्त तिर उस्ले प्रतिवेदन लेखी सिध्याउने छ।

Write for somebody = कसैको लागि लेखिदिनु As I had no idea, she wrote for me the application मलाई नआएको कारण तिन्ले मेरो लागि निवेदन लेखिदिइन।

Write prescription = औषधि लेख्नु I can read doctor's writing prescription डाक्टरले लेखेको औषधि म त पढनै सक्तिन।

Written in face = अनुहारमै दखिने Guilty done can be seen clearly in face गल्ती गरेको अनुहारमै स्पष्टै देख्न सकिन्छ।

Write about = बारेमा लेख्नु I have to write many things to my family but have not time (परिवारलाई लेख्ने कुरा थुप्रै छन तर के गर्नु समय छैन )

Write nothing = केहि नलेख्नु As she write nothing means she is still angry (केही नलेख्नुको कारण तिनी अझै रिसाएकी छिन भन्ने बुझिन्छ।

Write away = छोडदिनु Instead of sending for repairing he wrote away his car (मर्मतको लागि पठाउनु सट्टा उस्ले आफनो त्यसै छोडदिनु)

Write back = तुरुन्तै लेख्नु As soon as they came back home, they wrote back to thank their friends for the hospitality (घर फर्कन पाएको छैन तिनीहरूले आफ्ना साथीहरूलाई आतिथ्यताको लागि धन्यवाद दिँदै पत्र लेखे )

Write something down = लेखेर राख्नु Write down my telephone number so that you will not forget to call me (मेरो टेलिफोन नंवर लेखेर राखी ता कि मलाइ फोन गर्न विर्सने छैनौ )

Write in to = माग गर्नु As we introduced new sample of our product, many of our friends wrote into us for delivary (हामीले उत्पादन गर्ने वस्तुको नया नमुना निकाल्ने वित्तिकै थुप्रै साथीहरूले त्यस्को माग गरेका छन्)

### सुडोकु-अंक २१७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ८ | | ५ | | १ | | ३ | |
| | | | | | | | ४ | २ |
| | | ३ | | | | | | |
| | | १ | २ | ५ | | ४ | | ३ |
| | ५ | | | | | | १ | |
| ९ | | २ | | ७ | ३ | ८ | | |
| | | | | | | ७ | | |
| १ | ३ | | | | | | | |
| | ७ | | ४ | | ८ | | ५ | |

### अंक २१६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | १ | ४ | ६ | ९ | २ | ३ | ५ | ७ |
| ७ | ९ | ३ | १ | ८ | ५ | २ | ६ | ४ |
| ५ | २ | ६ | ४ | ३ | ७ | ९ | ८ | १ |
| २ | ७ | ५ | ९ | ६ | १ | ४ | ३ | ८ |
| ६ | ८ | १ | ५ | ४ | ३ | ७ | ९ | २ |
| ४ | ३ | ९ | ७ | २ | ८ | ६ | १ | ५ |
| ३ | ५ | ७ | २ | १ | ९ | ८ | ४ | ६ |
| ९ | ४ | २ | ८ | ५ | ६ | १ | ७ | ३ |
| १ | ६ | ८ | ३ | ७ | ४ | ५ | २ | ९ |

# समाचार संक्षेप

## मृत फेला

काठमाडौं। सामुदायिक बनको धुपु खोलामा सोही गाउँपालिका-२ हुतिखिम बस्ने ३३ वर्षीय विशेश्वर कोइराला आइतबार मृत अवस्थामा फेला परेका छन्।

अर्घाखाँची, मालारानी गाउँपालिका-४ चापापानी बस्ने ४७ बर्षीय बिन बहादुर बिक आफ्नै घरमा आइतबार मृत अवस्थामा फेला परेका छन्।

उदयपुर, कटारी नगरपालिका-४ मुसारी टोल बस्ने २८ वर्षीया गीता सदाय आफ्नै घरमा सोमबार मृत अवस्थामा फेला परेकी छिन्। दाङ, राजपुर गाउँपालिका-१ तप्दारपुर बस्ने ६० वर्षीय छुनिलाल चौधरी घरदेखि अन्दाजी १ सय ५० मिटर टाढा सडकमा सोमबार मृत अवस्थामा फेला परेका छन्।

काठमाडौं, काठमाडौं महानगरपालिका-२७ ठहिटीमा हाल नाम, थर, वतन नखुलेका अन्दाजी ५५ वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन्।

## सवारी दुर्घटनामा परी २ जनाको मृत्यु

काठमाडौं। इलाम, सुर्योदय नगरपालिका-९ पान्दम डाँडागाउँस्थित सडकमा प्रदेश १-०१-००१ ह ७९०१ नम्बरको अटो आफैं अनियन्त्रित भई सडकमा पल्टिएर आइतबार बिहान दुर्घटना हुँदा अटो चालक सोही ठाउँ बस्ने ४२ वर्षीय सुकमान राईको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका राईको उपचारको लागि फिक्कल अस्पताल लैजानेक्रममा बाटोमै मृत्यु भएको हो।

रुपन्देही, तिलोत्तमा नगरपालिका-१७ बरौलियाडाँडास्थित सडकमा लु.५० प २२०३ नम्बरको स्कुटर आँफै अनियन्त्रित भई आइतबार बिहान दुर्घटना हुँदा स्कुटर चालक सोही ठाउँ बस्ने ३१ वर्षीय युवराज गैरेको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका गैरेको चौराहा हस्पिटल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो।

## मृत अवस्थामा फेला

काठमाडौं। कास्की, पोखरा महानगरपालिका-९ नयाँबजारस्थित सडक छेउमा सोही महानगरपालिका-१८ सेदी बस्ने ३९ वर्षीया बिमला विक आइतबार मृत अवस्थामा फेला परेकी छिन्। दाङ, घोराही उपमहानगरपालिका-९ स्थित शुभम इँटाभट्टामा काम गर्दै आएका बाकेँ खजुरा घर हुने २५ वर्षीय ईसराम अली सोही उपमहानगरपालिका-८ दुन्द्रस्थित राजिभ इँटाभट्टामा साथी भेट्न गएको अवस्थामा आइतबार मृत फेला परेका छन्।

मोरङ, बेलबारी नगरपालिका-८ राधानगरस्थित सिंहदेवी सामुदायिक जंगलमा हाल नाम, थर, वतन नखुलेका पुरुषको शव सडिगलेको अवस्थामा आइतबार फेला परेको छ।

## सवारी दुर्घटनामा ९ जनाको मृत्यु

काठमाडौं। दार्चुला, ललितपुर, मोरङ, महोत्तरी, रोल्पा र कास्कीमा भएको छुट्टाछुट्टै सवारी दुर्घटनामा परी ९ जनाको मृत्यु भएको छ।

दार्चुला, लेकम गाउँपालका-६ बनस्याडीस्थित सडकमा जीप सडकबाट करिब १ सय मिटर तल खसेर दुर्घटना हुँदा जिप चालक सोही ठाउँ बस्ने ३८ वर्षीय करन नाथ लगायत ३ जनाको घटनास्थलमै मृत्यु भएको छ।

ललितपुर, महालक्ष्मी नगरपालिका-१० कोर्टडाडाँस्थित सडकमा मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चाबहिल बस्ने ललितपुर-२ त्रिबेणी घर भएका ४९ वर्षीय मरिचमान नगरकोटीको घटनास्थलमै मृत्यु भएको छ।

मोरङ, सुन्दरहरैचा नगरपालिका-७ गोठगाँउस्थित सडकमा प्रदेश मोटरसाइकल र हाइस गाडी एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ। मृत्यु हुनेहरूमा मोटरसाइकलमा सवार बेलबारी नगरपालिका-११ बस्ने २१ वर्षीय मनोज कटुवाल र बेलबारी नगरपालिका-११ बस्ने २१ वर्षीय अर्जुन न्यौपाने रहेका छन्। महोत्तरी, गौशाला नगरपालिका-३ नबराजपुरस्थित सडकमा मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालक नगरपालिका-४ रजखोर बस्ने २५ वर्षीय केदार आले मगरको मृत्यु भएको छ। रोल्पा, रुन्टिगढी गाउँपालिका-६ गातिनास्थित सडकमा ट्याक्टरको ट्रलीमा च्यापिएर ट्याक्टरमा सवार रुन्टिगढी गाउँपालिका-६ गातीना बस्ने ३१ वर्षीय खगेन्द्र रानाको घटनास्थलमै मृत्यु भएको छ।

कास्की, पोखरा महानगरपालिका-७ बुलौदीस्थित सडकमा ग.५ प ८३६४ नम्बरको स्कुटरलाई हाल नम्बर नखुलेको सवारी साधनले आइतबार बिहान ठक्कर दिँदा स्कुटर चालक सोही महानगरपालिका-६ बैदाम बस्ने धनकुटा सहिद भूमी गाउँपालिका-१ हुगुवा घर भएका ४७ वर्षीय जित बहादुर राईको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको गण्डकी मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको हो। ठक्कर दिने सवारी साधन र चालकको प्रहरीले खोजी गरिरहेको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। काभ्रेपलाञ्चोक, धुलिखेल नगरपालिका-१ रबिओपी बस्ने ३९ वर्षीया सञ्चुि माया तामाङ बनेपा नगरपालिका-५ जलेश्वपरी खोलाको छेउमा शनिबार मृत अबस्थामा फेला परेकी छन्।

धादिङ, गजुरी गाउँपालिका-२ मजुवा डाँडास्थित एकराज पाण्डेको घरमा बिगत १० वर्षदेखि आश्रय लिई बस्दै आएका सर्लाही हरिवन नगरपालिका-५ घर भएका ६५ वर्षीय हर्क बहादुर माझी सुतिरहेको अवस्थामा शनिबार मृत फेला परेका छन्।

## लडेर मृत्यु

काठमाडौं। रसुवा, कालिका गाउँपालिका-१ मैलुङस्थित निर्माणिधिन अपर त्रिशुली हाईड्रो पावरमा काम गर्नेक्रममा करिब ३ सय मिटर तल खसेर सुर्खेत पाताखानीका ४६ वर्षीय खड्क बहादुर पुलामी मगरको शनिबार मृत्यु भएको छ।

वागलुङ, बरेङ गाउँपालिका-२ गुरुङ डाँडा बस्ने ३८ वर्षीया सरस्वती घर्तीको सोही ठाउँस्थित बजेनि डाँडाको खरबारीबाट करिब सय मिटर तल खसेर शनिबार मृत्यु भएको छ। सरस्वती स्याउला सोर्न भनि गएकोमा साँझसम्म घर नफर्किएपछि स्थानियहरूले खोजी गर्नेक्रममा उक्त ठाउँमा लडेर वेहोस भएको अवस्थामा उनलाई फेला पारी घर ल्याउँदा उनको मृत्यु भएको बुझिएको छ।

## पहिरोमा परी मृत्य'

ताप्लेजुङ। मिक्वाखोला गाउँपालिका-२ स्थित मिडिल तमोर सानिमा हाङड्रोपावरको सुरुङमार्ग खन्ने क्रममा ढुङ्गा र माटो सहितको पहिरोमा परेर सुरुङमा काम गर्ने भोजपुर ओखेसावु बस्ने २८ वर्षीय सन्तोष बानिया र उदयपुर पोखरी बस्ने २२ वर्षीय अम्बर बहादुर कामीको घटनास्थलमै शनिबार मृत्यु भएको छ।

## डिजीपेलाई भुक्तानी सेवा प्रदायकको अनुमति

काठमाडौं। नेपाल राष्ट्र बैंकले डिजी पे प्रालिलाई भुक्तानी सेवा प्रदायकको अनुमति प्रदान गरेको छ। २०७४ सालमा दर्ता भएको डिजी पेले नेपालमा डिजिटल माध्यमबाट भुक्तानी सेवा प्रदायकका रूपमा काम गर्ने गरि अनुमति पाएको हो।

नेपाल राष्ट्र बैंकबाट औपचारिक अनुमति प्राप्त गर्नुभन्दा अघि नै डिजी पे लोकप्रिय भइसकेको उनी बताउँछन्। उनका अनुसार हालसम्म गुगल प्लेस्टोरबाट ५० हजार र आईओएस प्लेटफर्मबाट १० हजारभन्दा अधिक डिजी पे डाउनलोड भइसकेको छ विभिन्न खालका मनोरञ्जनात्मक कार्यक्रमहरू, ब्युटीप्याजेन्ट आयोजकहरू, विभिन्न ब्रान्डका विक्रेता तथा ग्राहकमाझ लोकप्रिय भइसकेको उनी बताउँछन्।

'डिजी पेका माध्यमबाट वस्तु किनमेल (इकमर्स), फोन सेवा रिचार्ज, विद्युत्, खानेपानी, इन्टरनेट आदिको भुक्तानी मात्र होइन, आफ्नै नजिकको स्थानमा आधारित कार्यक्रमको आयोजना, त्यस्ता कार्यक्रममा संलग्नता र सहभागिता, डिजिटल भोटिङसहितका कार्य सम्पन्न गर्न सकिन्छ,' पाण्डेले भने, 'नेपालमा डिजिटल भोटिङ सेवा सुरु गर्ने डिजी पे पहिलो वालेट हो।' नेपाल राष्ट्र बैंकबाट औपचारिक रुपमा भुक्तानी सेवा प्रदायकको अनुमति प्राप्त गरेपछि अब डिजी पेले खाद्य तथा वस्तु किनमेल र त्यसको आपूर्ति, सिनेमा र हवाई टिकट, राइड सेयरिङलगायतका विशेषताहरू थप्ने उनले जानकारी दिए।

# LET US PREVENT A NATIONAL PARTITION AND REUNIFY THE COUNTRY

## KIM IL SUNG

Speech at the Pyongyang Mass Rally to Welcome the Party and Government Delegation of the Czechoslovak Socialist Republic
*June 23, 1973*

Esteemed Comrade Gustav Husak, Esteemed Comrade Lubomir Strougal, Esteemed guests from Czechoslovakia, Dear comrades and friends,

The people at all levels in Pyongyang City have gathered here today, overjoyed to welcome you, goodwill envoys from the brotherly country of Czechoslovakia.

In the name of the Central Committee of the Workers' Party of Korea, the Government of the Democratic People's Republic of Korea and the Korean people, I should like first to repeat my warm welcome to the Party and Government delegation of the Czechoslovak Socialist Republic led by Comrade Gustav Husak, general secretary of the Central Committee of the Czechoslovak Communist Party.

Allow me also to convey, through you, the Korean people's warm greetings of fraternal friendship to the Czechoslovak people.

We highly appreciate the visit to our country by a Party and Government delegation of the highest level from Czechoslovakia as an expression of the deep friendship cherished by the Czechoslovak people for our people, and as a manifestation of firm solidarity with our struggle for socialist construction and national reunification.

Your present visit to our country marks a milestone in deepening mutual understanding between the peoples of the two countries and raising their relations of friendship and cooperation to a new stage.

Our meeting with you has given us a better understanding of the course of arduous yet brilliant struggle traversed by the Czechoslovak people, their achievements in the building of socialism and the future of the struggle of your Party and people. As a people living in the heart of the European Continent,

plagued throughout history by conflicts between nations, the Czechoslovak people fought protracted and dynamic battles against foreign invaders and for national independence and social emancipation. In the hard days when the Hitlerite fascists were occupying the country, the communists and patriotic people of Czechoslovakia carried out a gallant anti-fascist fight for liberation with arms in their hands.

Even after fascist Germany was routed and the country liberated, the Czechoslovak people have followed the complicated road of struggle. The Czechoslovak people, who took the road towards socialism following the February Victory in 1948, have turned their country into a socialist state with a developed industry in a short time by displaying patriotic devotion and creative activity and safeguarded their gains of revolution, shattering the repeated subversive and destructive plans of the class enemies.

Under the leadership of the Central Committee of the Czechoslovak Communist Party headed by Comrade Gustav Husak the Czechoslovak people are now making great strides in their endeavours to achieve further progress in the national economy, raise the people's living standards and overfulfil the Fifth Five-Year Plan, in accordance with the programme of the 14th Congress of the Czechoslovak Communist Party to consolidate and develop the socialist society more fully.

Czechoslovakia is daily expanding the sphere of its activities in the field of international relations, too.

Our people heartily rejoice over all the successes made by the brotherly Czechoslovak people in the building of a new society and sincerely wish them ever greater victory in their future work.

Our people also express solidarity with the Communist Party, Government and people of Czechoslovakia in their efforts against the imperialists' war policy and for peace and security in Europe.

Through their own experiences our people well know that the road to socialism is by no means a smooth one.

After liberation our people embarked on the building of a new society under the difficult situation in which our country was divided into two parts because of the US imperialist occupation of south Korea. Under our Party's leadership, our people, frustrating the ceaseless intrigues of US imperialism and its running dogs to provoke aggression and war, have turned their once backward country into an advanced socialist state in a short time, by successfully carrying out the democratic revolution and the socialist revolution and building an independent national economy.

Upholding the grand programme mapped out by the Fifth Congress of the Party, our people are now achieving a great revolutionary advance on all fronts of socialist construction to fulfil ahead of schedule the Six-Year Plan and the three major tasks of the technological revolution and to achieve the independent, peaceful reunification of the country, while accelerating the revolutionization and the working-classization of the whole of society by giving priority to the ideological revolution.

Korea and Czechoslovakia embarked on the building of socialism under different conditions after the Second World War, but the common experience accumulated by the two countries clearly demonstrates that the only way to bring the working people genuine freedom and independence, happiness and prosperity is to take the road to socialism.

The Korean and Czechoslovak peoples have long maintained firm ties of friendship and have cooperated closely for the common goal of opposition to imperialism and for the victory of the cause of peace and socialism. This friendship based on the principles of Marxism-Leninism and proletarian internationalism displayed greater vitality whenever the two peoples faced difficulties and trials in the way of their advance.

The Czechoslovak people rendered great assistance, both material and moral, to our people during the Fatherland Liberation War against the US imperialist aggressors and during the period of postwar rehabilitation and construction. We shall always remember this.

The Czechoslovak people are still giving active support and assistance to our people's struggle to build socialism and achieve the independent, peaceful reunification of the country. Some time ago the Federal Assembly of the Czechoslovak Socialist Republic, in its reply to the letter addressed by our Supreme People's Assembly to the



parliaments and governments of all countries, positively recognized our policy of peaceful reunification and gave assurances that it would continue to render active support and assistance to our people's just cause.

I take advantage of this opportunity today to express my profound thanks again to Comrade Gustav Husak and the Communist Party, Government and people of Czechoslovakia for their brotherly support and assistance to our people.

As is shown by the current visit of the Party and Government delegation of Czechoslovakia to this country, the relationship between our two countries keeps developing favourably and their internationalist solidarity is growing in strength.

The strengthening of unity amongst socialist countries contributes to increasing the might of socialism as a whole and shows that the position of world socialism is sound.

Our people will, in the future, too, carry out the revolution and construction in our country well and thereby faithfully discharge their national and international duties.

Comrades and friends,

Today the international situation is developing in favour of socialism and the revolutionary forces and to the disadvantage of imperialism and the reactionary forces.

In the face of the growing forces of socialism and the national-liberation, working-class and democratic movements, imperialism is on the decline and is finding itself in a more difficult situation with every passing day. To find a way out, the imperialists are resorting to more cunning double-dealing tactics.

The United States is carrying on aggressive and interventionist activities in many parts of the world under the pretence of "peace" and is trying to maintain its colonial domination by suppressing small nations by force while improving its relations with big ones.

This is fully proved by its aggressive actions and intervention against Korea, Cambodia, Vietnam, Laos, a number of Arab countries, Cuba and many other nations of the world.

The United States wants to hold on to south Korea for ever as a major stronghold to save its colonial ruling system which is falling into total disarray in Asia.

Adopting two-faced tactics under the "Nixon doctrine," the United States is not willing to desist from its plans to instigate south Korea's bellicose elements to make Koreans fight Koreans, perpetuate the division of Korea and create two Koreas, even after the North-South Joint Statement was published and dialogue started between the two parts of Korea.

